# राष्ट्रिय विकास समस्या समाधान समितिको ४८ औं बैठकको प्रतिवेदन

नेपाल सरकार

राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाण्डौं

२०७७

# विषयसूची


१. पृष्ठभूमि....................................................................................................................................१

२. बैठकको संङ्क्षिप्त विवरण........................................................................................................ २

२.१. राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षको प्रस्तुतीकरणको संङ्क्षिप्त विवरण.............................. २

२.२. राष्ट्रिय विकास समस्या समाधान समितिको ४८ औं बैठकमा माननीय मन्त्रीज्यू, मुख्यमन्त्रीज्यू तथा अन्य विशिष्ट पदाधिकारीहरूले राख्नु भएका विचारहरू......................................................................३

३. सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष श्री केपी शर्मा ओलीज्यूले ४८ औं राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा दिनुभएको निर्देशन........................................८

४. राष्ट्रिय विकास समस्या समाधान समितिको ४८ औं बैठकका निर्णयहरू.................................................. ९

५. समितिको बैठकमा प्रदेशबाट उठाइएका विषयहरूको सम्बोधन.........................................................१४

# १. पृष्ठभूमि

विकास नीति, योजना, कार्यक्रम तथा आयोजनाको प्रगति समीक्षा, समस्याको समाधान लगायत नीतिगत विषयको काम गर्नका लागि अनुगमन तथा मूल्याङ्कनसम्बन्धी सर्वोच्च संयन्त्रको रूपमा सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा रहेको राष्ट्रिय विकास समस्या समाधान समिति (रा.वि.स.स.स.) ले विकास नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयनमा देखिएका समस्याहरूउपर छलफल गरी नीतिगत निर्णय लिने गर्दछ। राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ बमोजिम समितिको बैठक मंसिर, चैत्र र साउनको अन्तिम हप्तामा बसी क्रमशः प्रथम चौमासिक, दोस्रो चौमासिक र वार्षिक प्रगति समीक्षा गर्नुपर्ने हुन्छ। विश्वमा देखापरेको कोभिड-१९ को सङ्क्रमणका कारण आ. व. २०७६/७७ को दोश्रो चौमासिक प्रगति समीक्षा कार्यक्रम हुन सकेन। आ.व. २०७६/७७ मा सञ्चालित विकास कार्यक्रम तथा आयोजनाहरूको वार्षिक प्रगति समीक्षा र आ.व. २०७७/७८ को प्रथम चौमासिक अवधिको समीक्षा समेत गरी कार्यान्वयनमा देखिएका समस्याहरूको समाधान गर्ने उद्देश्यले राष्ट्रिय विकास समस्या समाधान समितिको ४८ औं बैठक मिति २०७७ माघ २ गते प्रधानमन्त्री निवास, बालुवाटारमा आयोजना गरियो।

संघीयता कार्यान्वयन पछि राष्ट्रिय विकास समस्या समाधान समितिमा प्रदेश सरकारका मुख्यमन्त्रीलाई पनि समितिको सदस्यको रूपमा आमन्त्रण गर्ने व्यवस्था वमोजिम वहाँहरूलाई एवम् प्रदेश प्रमुख सचिवहरूलाई पनि यसै बैठकदेखि सहभागिता जनाउन आमन्त्रण गरियो।

समितिको यस बैठक सञ्चालन हुनुपूर्व मन्त्रालयमा मन्त्रालयस्तरका विकास समस्या समाधान समितिका बैठक आयोजना गरी प्रगति समीक्षा गरिएको, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यूको अध्यक्षतामा उपसमितिको वार्षिक समीक्षा बैठक र चालु आ.व.को प्रथम चौमासिकको समीक्षा बैठक सम्पन्न गरिएको थियो। उप-समिति बैठकमा मन्त्रालयका तर्फबाट पेश भएको विवरणका आधारमा कार्यक्रम तथा आयोजनाको भौतिक तथा वित्तीय प्रगति, यस समितिको पूर्व बैठकका निर्णयहरूको कार्यान्वयन स्थिति र विभिन्न समस्याउपर विस्तृत छलफल गरियो।

## २. बैठकको संङ्क्षिप्त विवरण

सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूको अध्यक्षतामा आर्थिक वर्ष २०७६/७७ मा सञ्चालित विकास आयोजना र कार्यक्रमहरूको प्रथम चौमासिक प्रगति समीक्षा एवम् राष्ट्रिय विकास समस्या समाधान समितिको ४८ औं बैठक २०७६ माघ २ गते सम्पन्न भयो। बैठकमा माननीय उपप्रधानमन्त्री, नेपाल सरकारका माननीय मन्त्रीहरू, प्रदेश नम्बर १, प्रदेश नम्बर २, वाग्मती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेश सरकारका माननीय मुख्यमन्त्रीहरू, सम्माननीय प्रधानमन्त्रीज्यूका मुख्य सल्लाहकार तथा अन्य सल्लाहकारहरू, नेपाल सरकारका माननीय राज्यमन्त्रीहरू, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष, संवैधानिक निकायका प्रमुखहरू, महालेखापरीक्षक, महान्यायाधिवक्ता, नेपाल सरकारका मुख्य सचिव, मुख्य रजिष्ट्रार, आयोगका माननीय सदस्यहरू, नेपाल सरकारका सचिवहरू, प्रदेश सरकारका प्रमुख सचिवहरू तथा अन्य विशिष्ट पदाधिकारीहरूको उपस्थिति रहेको थियो। आयोगका सदस्य सचिव श्री केवल प्रसाद भण्डारीले बैठकको शुरूवात गर्नुका साथै स्वागत मन्तव्य राखु भएको थियो। आयोगका माननीय उपाध्यक्षको प्रस्तुतीकरण पश्चात सम्माननीय प्रधानमन्त्रीज्यूले छलफलको कार्यक्रमलाई सहजीकरण र विभिन्न विषयहरूमा निर्देशन दिनु भएको थियो। बैठकमा मन्त्री तथा मुख्यमन्त्रीहरूले आ-आफ्नो विषयसँग सम्बन्धित समस्याहरू राखु भएको थियो। अन्त्यमा विभिन्न क्षेत्रसँग सम्वन्धित २२ वटा निर्णय गरी बैठक समापन भएको थियो।

### २.१. राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षको प्रस्तुतीकरणको संङ्क्षिप्त विवरण

बैठकमा आयोगका माननीय उपाध्यक्ष प्रा.डा. पुष्पराज कँडेलबाट पन्ध्रौं योजनाका नतिजा सूचकहरूको आधारमा आ.व. २०७६/७७ को प्रगति विवरण र आ.व. २०७७/७८ को प्रथम चौमासिक अवधिको प्रमुख आर्थिक परिसूचक, खर्च एवम् प्रगति, कोभिड-१९ ले अर्थतन्त्रमा पारेको प्रभावको विश्लेषण, अतिकम विकसित राष्ट्रबाट स्तरोन्नति मापदण्ड र नेपालको अवस्था, भुकम्पपछिको पुनर्निर्माणको प्रगति, राष्ट्रिय विकास समस्या समाधान समितिको ४५ औं, ४६ औं र ४७ औं बैठकमा भएका निर्णयहरूको कार्यान्वयनको स्थिति, मन्त्रालयबाट प्राप्त समस्याहरू, आ.व. २०७७/७८ को राष्ट्रिय गौरवका आयोजनाहरूको पहिलो चौमासिक प्रगति स्थिति, पहिलो प्राथमिकता प्राप्त आयोजनाहरूको भौतिक प्रगति स्थितिका साथै ४८ औं रा.वि.स.स.स.को बैठकमा समस्याहरू निर्णयार्थ प्रस्तुत गर्नु भएको थियो।

आ.व.२०७६/७७ को प्रथम चौमासिक समीक्षा अवधिमा कुल २६० (राष्ट्रिय गौरवको आयोजना सहित) पहिलो प्राथमिकता प्राप्त आयोजनाहरूमध्ये ८० प्रतिशतभन्दा बढी प्रगति हासिल गरेका

आयोजनाहरू ७९ वटा, ५० देखि ८० प्रतिशतसम्म प्रगति भएका आयोजनाहरू ६७ वटा र ५० प्रतिशतभन्दा कम प्रगति भएका आयोजनाहरू ९२ वटा रहेका छन्। तीमध्ये २२ वटा आयोजनाहरूको प्रगति विवरण प्राप्त हुन नसकेको अवस्था छ। पहिलो प्राथमिकता प्राप्त आयोजनाहरूमध्ये राष्ट्रिय गौरवका विभिन्न २४ वटा आयोजनाहरूमध्ये ८० प्रतिशत भन्दा बढी प्रगति भएका आयोजनाको संख्या ९, ५० देखि ८० प्रतिशतसम्म प्रगति भएका आयोजनाको संख्या ६ र ५० प्रतिशतभन्दा कम प्रगति भएका आयोजनाको संख्या ७ रहेको छ। २ वटा आयोजनाको प्रगति विवरण प्राप्त नभएको पाइयो। प्रस्तुतीकरणसँग सम्बन्धित विवरणहरू अनुसूची १ देखि ९ सम्म रहेका छन् ।

## २.२. राष्ट्रिय विकास समस्या समाधान समितिको ४८ औं बैठकमा माननीय मन्त्रीज्यू, मुख्यमन्त्रीज्यू तथा अन्य विशिष्ट पदाधिकारीहरूले राख्नु भएका विचारहरू

### मा. शंकर पोखरेल, मुख्यमन्त्री, लुम्बिनी प्रदेश

प्रदेशको समस्यामात्र उल्लेख भएको तर समाधानको विषय समावेश नभएकोले आगामी बैठकमा समाधानको विषय उल्लेख गर्नुपर्ने देखिन्छ। कोभिडको कारणले कार्यान्वयन गर्न ढिलाइ भएको आयोजना कार्यान्वयन अगाडि बढाउँदा बजेट निकासमा समस्या भएको साथै ठेक्काको म्याद थपको विषय स्पष्ट नभएको। समपूरक र विशेष अनुदानको सम्बन्धमा गत वर्ष कार्यान्वयन भएको तर यो वर्ष छुटेको आयोजना केन्द्रले स्वामित्व लिनुपर्ने र सबैलाई समावेश गर्नुपर्ने। यसमा राष्ट्रिय योजना आयोगले वास्ता गरेको देखिदैंन। समपूरक र विशेष अनुदानमा नीतिगत/संरचनागत एकरूपता कायम गर्नुपर्ने जरुरी छ। बाढी पहिरो पीडितको सम्बोधन गृह या राष्ट्रिय योजना आयोग कसले हेर्ने स्पष्ट व्यवस्था भएन। गतवर्ष विशेष अनुदानबाट सम्बोधन भएको थियो। सशर्त अनुदानको आयोजना र केन्द्रले हस्तान्तरण गरेको बहुवर्षीय आयोजनामा बजेट अभाव भएको। वार्षिकरूपमा जाने आयोजनालाई वहुवर्षीयमा लान कठिन भएको र श्रोतको सुनिश्चितता हुनुपर्ने देखिन्छ।

### मा. पृथ्वी सुब्बा गुरुङ, मुख्यमन्त्री, गण्डकी प्रदेश

पुँजीगत खर्च बढाउन सार्वजनिक खरिद ऐनमा संशोधन गर्नुपर्ने देखिन्छ। आयोजनामा संघ र प्रदेशबीच कार्य विस्तृतीकरण प्रतिवेदन अनुसार मन्त्रालयले वर्गीकरण गर्नुपर्ने जस्तैः सडक, सिँचाई। जग्गा प्राप्ति प्रक्रियालाई सरल र छिटो छरितो बनाउनुपर्ने। प्रदेश योजना आयोगको दरबन्दी स्वीकृत नभएको र कर्मचारीको अभाव भएको। साझा अधिकारको विषयमा नीति, कार्यक्रम तर्जुमा गर्दा समन्वय गर्नुपर्ने। जस्तैः वन ऐन। मध्यपहाडी राजमार्गको रेखाङ्कन छिटो टुङ्ग्याउनुपर्ने। बाढी पहिरोका कारण सिर्जित

समस्याको सम्बोधन गर्नुपर्ने। प्रहरी ऐन अनुसारको समायोजनमा ढिलाइ भएको। पूर्वाधार विकास (खानेपानी, सिँचाइ लगायत) कार्यालयहरू प्रदेशमा छन् तथापि संघीय सरकारबाट पनि यस्ता कार्यालय विस्तार हुँदै छन् जुन आवश्यक छैन। यातायातको सफ्टवेअर (EDLRS and EVRS) प्रदेशलाइ बनाउन नदिने र हस्तान्तरण पनि नगर्ने समस्या विद्यमान रहेको। हिमाली जिल्ला (मनाङ र मुस्ताङ) मा आर्थिक वर्ष परिवर्तन गर्नुपर्ने। सशर्त अनुदान कार्यक्रम पठाइएको तर बजेट पर्याप्त नपठाइएको। ढुङ्गा गिट्टीको आय सबै स्थानीय तहको भनिएकोले कार्यान्वयमा जटिल भएको। राष्ट्रिय योजना आयोग र प्रदेश योजना आयोगबीचमा समन्वयको संयन्त्र निर्माण गर्नुपर्ने। बस्ती सार्ने तथा पुन:स्थापना गर्ने विषयमा कानून र कार्यविधि बनाउन ठोस नीति र बजेट व्यवस्था हुनुपर्ने। यसको लागि राष्ट्रिय विकास समस्या समाधान समितिले महत्त्पूर्ण निर्णय गर्नुपर्छ।

**मा. शेरधन राई, मुख्यमन्त्री, प्रदेश नं १,**

प्रदेश सरकारलाई आवश्यक श्रोत विनियोजन गर्नुपर्ने। संघीय कानूनको अधिनमा प्रदेश कानून बन्नुपर्ने भएकोले सघीय कानून तर्जुमा छिटो गर्नुपर्ने। विकास आयोजनाको सम्बन्धमा पूल आयोजनाहरूमा श्रोत अपर्याप्त भएको तथा सशर्त, समपूरक र विशेष अनुदानमा माग गरेअनुसार बजेट विनियोजन गर्नुपर्ने। सुकुम्वासी आयोगका पदाधिकारीको सेवा सुविधा सम्बन्धमा कानून अनुसार हुनुपर्नेमा मौखिक आदेश भएको। स्थानीय सडक आयोजना पालिका पालिकाबीचमा जोड्ने सडकको स्रोत प्रदेश तहमा हस्तान्तरण गर्नुपर्ने।

**मा. लालबाबु राउत, मुख्यमन्त्री, प्रदेश नं २**

हाम्रा समस्याहरू कम प्राथमिकतामा परेको महसुस भएको छ। समस्या समाधानको लागि प्रस्ताव गर्दा कुन निकायले, कहिले र कसरी गर्ने भन्ने स्पष्ट गर्नुपर्ने देखिन्छ। समस्यालाई साधारण र विशिष्ट गरी विभाजन गर्ने। प्रदेशमा कर्माचारीको अभाव छ। विशेष गरी लेखा समूहको कर्मचारी। प्रदेश प्रहरी लगायत अन्य आवश्यक ऐन कानून निर्माण नभएको। साझा अधिकारसँग सम्बन्धित ऐन निर्माणमा समन्वय र सहकार्य हुनुपर्ने। प्रदेशमा हस्तान्तरण हुनुपर्ने संघीय कार्यालयहरू प्रदेशमा हस्तान्तरण नभएको। भूमि व्यवस्थापन सम्बन्धमा समस्या कुन निकायसँग समन्वय गर्ने स्पष्ट नभएको। समपूरक अनुदान र विशेष अनुदानमा कम रकम विनियोजन भएको। नदी नियन्त्रण, बालुवा र गिट्टी तथा क्रसर उद्योग सञ्चालनमा समन्वय गर्नुपर्ने। प्रदेश गौरवको आयोजनामा विशेष ध्यान दिनुपर्ने। प्रदेशभित्र सञ्चालित राष्ट्रिय गौरवको आयोजना निर्माणमा सधैं सहयोग गर्न तत्पर रहेका छौं। जस्तैः निजगढ विमानस्थल र काठमाण्डौं तराई मधेश द्रुतमार्ग। राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जनसंख्या

र मानव विकास सूचकाङ्कलाई विशेष आधार लिई बजेटको बाँडफाँट गर्ने व्यवस्था होस। समस्यालाई सुन्ने मात्र होइन कि कार्यान्वयनमा समेत जोड दिनुपर्ने देखिन्छ।

**मा. डोरमणी पौडेल, मुख्यमन्त्री, बागमती प्रदेश**

कार्यशैलीमा परिवर्तन गर्न आवश्यक छ। समन्वयको अभावमा योजना कार्यक्रमहरू दोहोरो भएको। जग्गा प्राप्तिलाई सहज बनाउनु पर्ने। नदी नियन्त्रणमा संघीय सरकारले सहयोग गरी उपलब्ध हुने जग्गा प्राप्त गर्न सक्ने नीतिगत निर्णय गर्नुपर्ने। सरकारी जग्गाको अभिलेख व्यवस्थित गरी व्यवस्थान र हस्तान्तरण गर्ने। क्रसर उद्योगलाई वैधानिकता प्रदान गरी नियमन गर्ने।

**श्री अशोक व्याञ्जु, अध्यक्ष, नगरपालिका महास**

प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची आवश्यक छ। स्थानीय तहको एकल अधिकारमा हस्तक्षेप गर्न भएन। सम्पत्ति करको परिभाषा अर्थ विधेयकमार्फत परिवर्तन गरेकोले कार्यान्वयन गर्न कठिन भएको जस्तैः घर जग्गाको कर। ढुङ्गा गिट्टी सम्बन्धमा मन्त्रिपरिषद्को निर्णयलाई गृह मन्त्रालयको निर्णयले काटेकोले कार्यान्वयनमा जटिलता आएको। संघीय सरकारले तर्जुमा गर्ने कानूनमा तत् तत् तहसँग समन्वय गर्नुपर्ने। विकास निर्माणको पक्षमा एकीकृत प्रतिवेदन प्रणाली भएन, आवधिक योजना निर्माण स्थानीय तहसम्म लैजानुपर्ने। प्रदेश सरकारले स्थानीय तहसँग सहकार्य र समन्वय गर्न नचाहेको देखिन्छ। ५० हजारको योजना पनि प्रदेशले उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने गरेको छ। स्थानीय तहमा प्रदेश र संघीय कार्यालय स्थापना गर्न नहुने। सहकार्य, समन्वय र सह-अस्तित्वको सिद्धान्त कार्यान्वयन गर्नुपर्ने।

**श्री सीता सुन्दास, अध्यक्ष, जिल्ला समन्वय समिति महासंघ**

तहगत समन्वय संरचना आवश्यक(योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनमा)। अनुगमन गर्न ऐन आवश्यक भएको। स्थानीय तहको क्षमता विकासमा जोड दिनुपर्ने। गैरसरकारी संस्था परिचालनमा समाजकल्याण परिषद र जिल्ला समन्वय समितिबीचमा समन्वय हुनुपर्ने। नदीजन्य पदार्थको संरक्षण, सदुपयोग र संरक्षणमा मन्त्रिपरिषद्ले गरेको निर्णयको कार्यान्वयन गर्नुपर्ने।

**मा. बालानन्द पौडेल, अध्यक्ष, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग**

काममा दोहोरोपना हटाउन न्यूनतम संघीय मानक निर्धारण गर्नुपर्ने। संघीय मानकले सेवाको लागत गणना गर्न सजिलो हुने। मानक तोकेर बजेट हस्तान्तरण गर्नुपर्ने।

**मा. टंकमणि शर्मा (दंगाल), महालेखापरीक्षक, महालेखापरीक्षकको कार्यालय**

महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख भएका समस्या र बेरुजु समाधानमा समन्वय/सहजीकरण गर्नुपर्ने।

**श्रीमान् शंकरदास बैरागी, मुख्यसचिव, नेपाल सरकार**

अधिकार प्रत्यायोजन गर्न चेकलिष्ट बनाउनुपर्ने। निजामती सेवा ऐन सम्बन्धमा निकास दिनुपर्ने। विकासको बाधक ऐन, कानून पहिचान गरी कुन तहबाट सम्बोधन गर्न सकिन्छ पत्ता लगाउन कार्यदल बनाइ अगाडि बढ्ने। संघीय, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७ अनुसारको संरचनालाई क्रियाशील बनाउने। कार्य विस्तृतीकरण अनुसार प्रत्येक संगठनको दैनिक प्रतिवेदन प्रणाली बनाउने।

**मा. मन्त्री डा. शिवमाया तुम्बाहाम्फे, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय**

ब्रेन गेन सेन्टर को बहुउपयोगमा ध्यान दिनुपर्ने। भूमि व्यवस्थामा कर्मचारीको अभाव रहेको। मालपोत र नापीको सम्बन्धमा प्रस्ताव गरे अनुसार अगाडि बढ्नुपर्ने।

**मा.मन्त्री प्रेम बहादुर आले, वन तथा वातावरण मन्त्रालय**

वन सम्बन्धी प्रदेश ऐन संघीय ऐनसँग बाझिएको छ, संघीय ऐनसँग बाझिने गरी प्रदेशले ऐन बनाउन भएन। राष्ट्रपति चुरे संरक्षण कार्यक्रममा र क्रसर सम्बन्धमा वन मन्त्रालयको संलग्नता रहनुपर्ने।

**मा.मन्त्री पद्माकुमारी अर्याल, कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

नीतिगत व्यवस्थाको लागि समय तोक्नुपर्ने। सशर्त आयोजनाहरू समयमा सम्पन्न गर्नुपर्ने। निर्वाचन क्षेत्र सडक हस्तान्तरण गर्नुपर्ने। बजेट आयोजनामा दोहोरोपनालाई सच्याउनुपर्ने। अनुदानमुखी र वितरणमुखी प्रवृतिलाई सच्याउनुपर्ने। राहतमुखी कार्यक्रमलाई एकीकृत गर्ने जस्तैः बाढीपहिरो। पुनःनिर्माण प्राधिकरणले भवन निर्माण सम्बन्धमा स्पष्ट समयावधि तोकी अगाडि बढाउने। गरिबी निवारण सम्बन्धमा एकीकृत गरी लक्षित कार्यक्रम सञ्चालन गर्ने।

### मा. मन्त्री विष्णु प्रसाद पौडेल, अर्थ मन्त्रालय

विकास कार्यक्रम सहज रूपमा सञ्चालन गर्नुपर्ने। जग्गा प्राप्ति, वन क्षेत्रको जग्गा स्वीकृतिसम्बन्धी, निर्माण सामाग्रीको सहज आपूर्तिको समस्यालाई समाधान गर्न पूर्ववर्ती निर्णयहरूको कार्यान्वयन गर्ने र कार्यान्वयनमा देखिएका थप समस्यालाई समाधान गर्नुपर्ने। आयोजना कार्यान्वयनका सम्बन्धमा तयारी चरण पूरा गरेपछि कार्यान्वयन चरणमा प्रवेश गर्ने अभ्यासलाई प्रभावकारी बनाउनुपर्ने। वैदेशिक सहायताका आयोजनामा आफ्ना हितलाई केन्द्रमा राखेर सम्बन्धित निकायहरूले प्रभावकारी अग्रसरता लिनुपर्ने। वित्तीय हस्तान्तरणका आयोजनालाई ठेक्का सम्झौताबमोजिम रकम हस्तान्तरण गरिने। सह-लगानीको माध्यमबाट स्थानीय तहले कार्यक्रम अगाडि बढाउने। आगामी आ.व. को बजेट तर्जुमा गर्दा संघ र प्रदेशसँग समन्वय गर्दा हालसम्म आएका समस्या सम्बोधन हुने। विकास आयोजनामा दोहोरोपनको समस्या आयोजनाको प्रकृति अनुरूपका मापदण्ड संशोधन गर्नुपर्ने। आयोजना बैंङ्कमा आयोजना प्रविष्टि गर्दा आयोजनाको दोहोरोपनलाई प्राथमिकता दिनुपर्ने। ठूला आयोजना र वैदेशिक लगानीका आयोजना कार्यान्वयनमा सहजीकरण गरिने। बजेटको स्रोत सुनिश्चितता भएका आयोजनाहरूको कार्यान्वयनमा जोड दिनुपर्ने। संघ, प्रदेश र स्थानीय तहको उपलब्धिको प्रतिवेदन प्रणाली व्यवस्थित गर्नुपर्ने। महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख भएका समस्या र बेरुजु समाधानमा समन्वय/सहजीकरण गर्नुपर्ने ।सार्वजनिक खरिद ऐन र नियमावलीको सामयिक समीक्षा गर्दै उक्त ऐन र नियमावलीमा रहेको त्रुटिलाई परिमार्जन गर्नुपर्ने । कार्यसम्पादमा सम्बन्धित कार्यालय र पदाधिकारी जवाफदेही हुनेगरी उत्तरदायी बनाउनुपर्ने ।

### मा. उपप्रधानमन्त्री ईश्वर पोखरेल, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

पहिलाकै बैठकका धेरै कुरा दोहोरिएर आएको छ। जुन कुरा हामी छलफल गर्दै छौं, ती सबै समस्या माथिल्लो तहबाट मात्र हैन कि समान तहबाट पनि गर्न सकिन्छ। धेरै कुराहरू यस्तो छ कि आपसी सहयोग र अन्तरमन्त्रालयको समन्वयबाट समाधान गर्न सकिन्छ। यहाँ समन्वय गर्नु पर्ने आवश्यकता छ। आपसी समन्वय नहुने खाली माथिल्लो तहबाट समाधान खोज्ने गरिएको छ। जस्तै मुख्यमन्त्रीज्यूले आफ्नो समस्या सम्बन्धित मन्त्रालयमा पठाउनु भा हुन्छ तर समाधान हुन सकेको हुँदैन। यदि समन्वयको अभाव रह्यो भने यस्ता समस्या आइरहन्छ। सानो कुरामा पनि हाम्रो आन्तरिक छलफल हुने गरेको छैन। जस्तै द्रुत मार्ग को कुरा कहाँ अड्केको छ भने खोकनामा अड्केको छ। खोकना वासी के भन्दै छन भने यदि त्यो द्रुत मार्ग आयो भने हाम्रो पुरातात्विक, सांस्कृतिक र धार्मिक महत्वका कुराहरू तहस नहस हुने चिन्ता छ। यी साना कुरा पनि समन्वय गरियो भने समाधान हुन सक्छ। तसर्थ म के आग्रह गर्न चाहन्छु भने हाम्रोबीचमा समन्वयको अभाव हुन भएन। समन्वयको अभावमा

सानो भन्दा सानो कुरा नहुने, अड्केर बस्ने हुन्छ। यसकारण यस चीजमा ध्यान दिने, विषयमा केन्द्रित हुने। समान तहबाट पनि समस्या समाधान गर्ने। खाली माथिल्लो तहसँग प्रयास हुन भएन। जस्तै सार्वजनिक खरिद् नियमावली मन्त्रिपरिषद्ले ५-७ पटक बनाउनुपर्यो। कमजोर गृहकार्यको कारणले। आज जति पनि कुरा साथीहरूले उठाउनु भएको छ त्यसको समयबद्ध कार्यतालिका बनाएर कार्यान्वयनमा जानुपर्छ। विधिवत निर्णयहरू सुन्दर हुन्छ तर कार्यान्वयन कमजोर हुन्छ। प्रधानमन्त्रीज्यूको निर्देशनपश्चात समयबद्ध कार्यतालिका बनाएर अगाडि बढ्दा राम्रो हुन्छ। साथीहरूलाई मेरो यो विशेष आग्रह छ।

## ३. सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष श्री केपी शर्मा ओलीज्यूले ४८ औं राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा दिनुभएको निर्देशन

कोभिड-१९ महामारीले नेपालमा मात्रै होइन सम्पूर्ण विश्वभरी नै आम मानिसको स्वास्थ्यमा अकल्पनीय संकट सिर्जना गर्‍यो, हाल केहि मत्थर भए पनि कोभिडको संक्रमण अझै पूर्ण रूपले हटिसकेको छैन । नयाँ रूपको दोस्रो संस्करणको कोभिड पुनः आउनसक्ने त्रास कायमै छ, दोश्रो लहर आउन नदिन सबै सचेत रहनुपर्ने अवस्था छ। कर्मचारीतन्त्रले राजनीतिक हिसाव किताव नगरी आफ्नो पदीय जिम्मेवारी अनुसारको काममा ध्यान दिने। निर्वाचनको तयारी र विकास निर्माणको कामलाई सँगसँगै लैजानुपर्ने, निर्वाचनको कारणले विकास निर्माणको कामलाई रोकिन दिननहुने, पूर्वाधार विकासमा निर्माणमा तीव्रता दिने। विकास खर्चको व्यवस्थापनमा सुधार र विकास निर्माणका कार्यहरूमा तीव्रता दिन समयमै कार्यतालिका अनुसार कार्यविभाजन गरी कार्य अगाडि बढाउनुपर्दछ।

दिगो विकासको लक्ष्य हासिल गर्ने र अतिकम विकसित राष्ट्रबाट स्तरोन्नति हुने भैसकेपछि नेपाल आत्मनिर्भरतर्फ उन्मुख हुँदै विस्तारै अन्य राष्ट्रबाट प्राप्त भैइरहेको सहुलियतपूर्ण व्यवहार आवश्यकता नपर्ने गरी अगाडि बढ्नुपर्ने छ। यो वर्ष राजनीतिक, सामाजिक विकास र आर्थिक उन्नतिको वर्ष हुनेछ। शिक्षा र स्वास्थ्य क्षेत्रका सामाजिक सूचकमा उल्लेखनीय सुधार हुनुपर्‍यो। पूर्वीय सभ्यताको विकासमा जोड दिने जस्तै योग, ध्यान, आर्युवेद, रहनसहन, खानपान आदि र निरोधात्मक उपायमा जोड दिने, प्रतिरोधि क्षमता सहितको स्वस्थ जीवनशैली अवलम्बन गर्ने। व्यापार घाटा सन्तुलन तर्फ प्रारम्भ भएकोले उत्पादनमा जोड दिनुपर्ने। संघ र प्रदेश सरकारका बजेट कार्यक्रममा दोहोरोपना नहुने गरी बजेट कार्यक्रम तयार गर्ने। प्रदेशको सामार्थ्यले नभ्याउने आयोजना संघले सञ्चालन गर्ने। आयोगवाट विगतमा भएका निर्णयहरू कार्यान्वयनमा तदारुकता अपनाउने लगायतका विषयहरूमा निर्देशनसहित

बैठकको समापन गर्नु भएको थियो।(निर्देशनको विस्तृत विवरण अनुसूची १० मा उल्लेख गरिएको छ।)

## ४. राष्ट्रिय विकास समस्या समाधान समितिको ४८ औं बैठकका निर्णयहरू

१. रूपान्तरणकारी आयोजनाको रूपमा रहेको राष्ट्रिय परिचयपत्र आगामी तीन वर्षभित्र सबै नेपाली नागरिकलाई पृथक नम्बरसहित वितरण गरी सक्नु पर्ने स्थिति रहेको र उक्त परिचयपत्रसँग अन्य सरकारी सेवा प्रणाली आबद्ध गरी कार्यान्वयन गर्न सबै निकायको अपनत्व र यस अनुसारको दक्षता वृद्धि आवश्यक रहेकोले राष्ट्रिय परिचयपत्र कार्यक्रमलाई प्रभावकारी बनाउन सरोकारवाला सबै निकायसँग समन्वय गरी गृह मन्त्रालयले यसलाई अभियानको रूपमा सञ्चालन गर्ने।

२. सालवसाली विनियोजन ऐनका आधारमा कार्यक्रम सञ्चालनका लागि कार्यविधि तर्जुमा गर्ने पद्धतिले हरेक वर्ष कार्यक्रम कार्यान्वयनमा ढिलाइ हुने गरेको हुँदा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ मा स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित कार्यविधि आवश्यक पर्ने भएमा अर्थ मन्त्रालयको सहमतिमा सम्बन्धित मन्त्रालयले स्वीकृत गरी कार्यान्वयन गर्नसक्ने व्यवस्था थप गर्न अर्थ मन्त्रालयले कारबाही अगाडि बढाउने।

३. राष्ट्रिय राजमार्गहरूको रेखाङ्कन र सडक सीमा निर्धारण यथाशीघ्र छिटो गर्नुपर्ने, कतिपय योजनाहरूमा सडक सीमाको अन्यौलता भई निर्माण कार्य बारम्बार अवरोध हुने गरेकोले राष्ट्रिय राजमार्गहरूको रेखाङ्कन र सडक सीमा निर्धारणको लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जग्गा प्राप्ति ऐन, २०३४ र पटक पटक मन्त्रिपरिषद्‌बाट भएका निर्णयहरूलाई समेत अध्ययन गरी कारवाही प्रक्रिया अगाडि बढाउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सहसचिवको संयोजकत्वमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सडक विभाग र सम्बद्ध आयोजना प्रमुखको कार्यदल बनाई एक महिना भित्र टुङ्गयाउने।

४. मेलम्ची खानेपानी आयोजनाको पूर्व इटालीयन ठेकेदार कम्पनी (CMC) ले भुक्तानी नदिएका कारण आयोजना स्थलमा अवरोध भई काम नै रोक्का हुने अवस्था रहेको हुँदा उक्त समस्या समाधानका लागि नेपाल सरकारले ठेकेदार कम्पनीको दायित्व भुक्तानी गर्ने कानूनी प्रावधान नभएका कारण स्थानीय तहबाट नै सहजीकरण हुने गरी समस्या समाधान गर्न राष्ट्रिय योजना आयोगका सम्बन्धित क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा खानेपानी मन्त्रालय, अर्थ मन्त्रालय, संङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कानून न्याय तथा संसदीय मामिला

मन्त्रालयका सचिव सहितको समितिले आवश्यक सहजीकरण गरी २ महिनाभित्र समस्या समाधान गर्ने।

५. विभिन्न मन्त्रालय/निकायहरूवाट प्रदान गरिने सीपमूलक तालिमको प्रमाणीकरण गर्ने एकीकृत व्यवस्था नभएको र रोजगारीसँग आबद्ध गर्न नसकिएकोले सीपमूलक तालिमको एकीकृत नीति, पाठ्यक्रम निर्धारण, योग्यता परीक्षण र प्रमाणीकरण व्यवस्थापनको लागि एउटा छाता संस्था आवश्यक देखिएकोले आवश्यक नीति निर्माण गर्न राष्ट्रिय योजना आयोगका सम्बन्धित क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा शिक्षा, विज्ञान तथा प्रविधि, उद्योग, वाणिज्य तथा आपूर्ति, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव सम्मिलित समिति गठन गरी ३ महिनाभित्र अध्ययन कार्य सम्पन्न गरी सीप विकास तालिमसम्बन्धी छाता संङ्गठन प्रस्ताव गर्ने।

६. जटिल एवम् आकस्मिक प्रकृतिका आयोजना एवम् निर्माण कार्य नेपाल पूर्वाधार विकास कम्पनीद्वारा गर्ने लक्ष्यका साथ कम्पनी स्थापना भएकोमा हालको सार्वजनिक खरिद ऐन र नियमावलीले त्योतर्फ उचित व्यवस्था नगरेको हुनाले सार्वजनिक खरिद ऐन र नियमावलीमा संशोधन गरिनुपर्ने दफा र नियमहरूको लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सहसचिव संयोजकत्वमा सार्वजनिक खरिद अनुगमन कार्यालय र नेपाल पूर्वाधार विकास कम्पनीसहितको प्रतिनिधि रहेको कार्यदल गठन गरी एक महिनाभित्र टुङ्गो लगाउने ।

७. निजीक्षेत्रबाट सञ्चालित ठुला आयोजनाहरूको सुरक्षा व्यवस्थापन विद्यमान सुरक्षा जनशक्तिबाटै भइरहदा जनशक्तिको अभाव भएको, साथै खटिने जनशक्तिको प्रोत्साहन, सेवा, सुविधा उपलब्ध गराउन समस्या भएको र नेपाल सरकारको तर्फबाट पर्याप्त खर्च हुने गरेको हुँदा निजीक्षेत्रबाट सञ्चालित ठुला आयोजनाहरूको सुरक्षा व्यवस्थापन सम्बन्धमा छुट्टै मापदण्ड निर्धारण गरी ३ महिनाभित्रै कार्यान्वयन हुने गरी गृह मन्त्रालयले कारबाही अगाडि बढाउने ।

८. समयानुकुल र गुणस्तरीय शिक्षाको सुनिश्चित गर्न कक्षा कोठामा सूचना तथा सञ्चार प्रविधिको व्यवस्थापन गरी वैकल्पिक सिकाइ प्रविधिहरू मार्फत सिकाइलाई निरन्तरता दिन सबै सामुदायिक विद्यालयहरूमा विद्युत् तथा इन्टरनेट सेवाको पहुँच विस्तार गर्नु अति आवश्यक भएकोले राष्ट्रिय योजना आयोगका शिक्षा क्षेत्र हेर्ने सदस्यको नेतृत्वमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सचिव सदस्य रहने एक समिति गठन गरी इन्टरनेट सेवाको विस्तार हुने कार्ययोजना तयार गरी ३ महिना भित्र आयोग मार्फत मन्त्रिपरिषदमा प्रस्ताव पेश गर्ने ।

९. अर्थ मन्त्रालय र विकास साझेदार संस्थाबीच हुने साझेदारी ढाँचा सम्झौता (Partnership Framework Agreement) अन्तर्गत सञ्चालन हुने आयोजनाहरूमा कतिपय विकास साझेदार

निकायले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई सिधै सहायता उपलब्ध गराउने, त्यस्ता सहायता रकम राष्ट्रिय प्राथमिकताका क्षेत्रमा लगानी भए नभएको एवम् कति रकम खर्च भयो भन्नेबारेमा समेत यकिन हुन नसकेको र सो रकम बेरुजु भएको भनी महालेखा परीक्षकको प्रतिवेदनमा समेत उल्लेख गरिएको हुँदा अर्थ मन्त्रालय र विकास साझेदार संस्थाबीच हुने साझेदारी ढाँचा सम्झौता (Partnership Framework Agreement) अन्तर्गत सञ्चालन हुने कार्यक्रम तथा आयोजनाहरूबाट गैरसरकारी संङ्घ संस्थाले संचालन गर्ने कार्यक्रमहरू भएमा समाज कल्याण परिषद्को स्वीकृति लिएर मात्र सञ्चालन गर्ने र विकास साझेदार निकायले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूलाई उपलब्ध गराएको सहायताको अभिलेख राखी समाज कल्याण परिषद्ले अनुगमन गर्ने र नेपालको लागि उपलब्ध गराउने सहायता सार्वजनिक गर्ने व्यवस्था मिलाउने।

१०. विदेशमास्थित नेपाली नियोगका लागि घर/जग्गा खरिदमा नेपालको सार्वजनिक खरिद कानूनका साथै नियोग रहेको मुलुकको कानून एवम् प्राविधिक विषय आकर्षित हुने, अधिकांश नियोगहरूलाई दुवै देशका खरिद सम्बन्धी कानूनबीच तादात्म्यता मिलाएर खरिद प्रक्रिया अगाडि बढाउन कठिनाइ भइरहेको साथै विदेशस्थित नेपाली नियोगहरूमा काम नलाग्ने, नचल्ने वा जीर्ण भई प्रयोगविहीन अवस्थामा रहेका सवारीसाधन लगायतका सामानहरू नष्ट (Scrapping) गर्नुपर्ने भएको हुँदा नियोगहरूका लागि घर/जग्गा खरिद गर्न कागजात तयारी, मूल्याङ्कन, समन्वय एवम् सहजीकरणका लागि र प्रयोग विहिन अवस्थामा रहेका सामानहरू स्थानीय प्रचलन अनुसार नष्ट (Scrapping) गर्न परराष्ट्र मन्त्रालयको नेतृत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, सहरी विकास तथा भवन निर्माण विभाग र सार्वजनिक खरिद तथा अनुगमन कार्यालयका प्रतिनिधि सम्मिलित एक सहजीकरण संयन्त्र गठन गरी एक महिनाभित्र कार्य अगाडि बढाउने ।

११. द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय सन्धि सम्झौताहरूको कार्यान्वयनको अवस्थाबारे सम्बन्धित मन्त्रालयहरूले प्रगति प्रतिवेदन गर्ने अनिवार्य संयन्त्रको ब्यवस्था हुन नसक्दा सन्धि सम्झौताहरूको कार्यान्वयनको अवस्था यकिन गर्न कठीन भएकोले द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीयरूपमा सम्पन्न भएका सन्धि सम्झौताहरूको कार्यान्वयनको अवस्थाको सन्दर्भमा त्यस्ता सन्धि सम्झौतासँग सम्बन्धित मन्त्रालयहरूले कार्यान्वयनको प्रगतिको विषय वार्षिक प्रगति प्रतिवेदनमा अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने व्यवस्था मिलाउने। यस्ता सन्धि सझौताहरू, अभिसन्धि तथा आलेखहरू कानून न्याय तथा संसदीय मामिला मन्त्रालय र परराष्ट्र मन्त्रालयमा संग्रहीत हुने व्यवस्था मिलाउने ।

१२. जिल्लामा रहेका शिक्षा विकास तथा समन्वय एकाइसँग प्राविधिक र लेखा हेर्ने जनशक्ति र स्रोत साधनको कमी रहेको हुँदा बेरुजु फछ्र्यौटमा प्रगति हुन कठिनाइ भएकोले विगतमा विद्यालय भवन निर्माणसम्बन्धी कार्यमा म.ले.प.बाट औंल्याइएका बेरुजुसँग सम्बन्धी कार्य प्रभावकारी बनाउन जिल्ला समन्वय समितिमार्फत सम्पादन हुने गरी आवश्यक प्रबन्ध मिलाउन संघीयमामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जिल्ला समन्वय समितिसँग आवश्यक समन्वय र सञ्चारको व्यवस्था गरी चालु आर्थिक वर्षभित्र यस्तो बेरुजु फछ्र्यौट कार्य सम्पन्न गर्ने।

१३. एकल विन्दु सेवा केन्द्रको निकायगत प्रतिनिधित्वले पूर्णता पाउन नसकेको र एकल विन्दु सेवा केन्द्रमा प्रतिनिधित्व गर्ने कर्मचारीलाई सम्बन्धित निकायबाट पर्याप्त अधिकार प्रत्यायोजन नभएकोले निर्णयका लागि सम्बन्धित निकायमा पठाउनु पर्ने बाध्यता अन्त्य गर्न एकल विन्दु सेवा केन्द्रमा खटिने कर्मचारीलाई सबै मन्त्रालयले आवश्यक अधिकार प्रत्यायोजनसहित खटाउने ।

१४. भूमिसुधार तथा मालपोत कार्यालयहरूमा लामो समयदेखि कर्मचारीमा विशेषज्ञताको अभावका कारण सेवा प्रवाहमा कठिनाई देखा परेकोले संङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट माग भएबमोजिम प्रशासन सेवाका कर्मचारी प्राथमिकताकासाथ उपलब्ध गराउने, एउटै प्रकृतिको कार्य सम्पादन गर्न जिल्लास्तरमा मालपोत र नापी गरी दुईवटा कार्यालयहरू कायम रहेको हुँदा सेवाग्राहीहरूलाई थप कठिनाई हुने भएकोले सेवा प्रवाहलाई सरल, सहज, चुस्त र सेवाग्राहीमैत्री बनाउन भूमि व्यवस्था सम्बन्धी सेवा प्रवाह प्रणाली र सङ्गठनिक पुनर्संरचना गरी एकीकृत सेवा प्रदान गर्ने व्यवस्था मिलाउने। साथै दीर्घकालीन समाधानको लागि मन्त्रालयले भूमि व्यवस्थासम्बन्धी सेवा प्रवाह प्रणाली र सांङठनिक पुनर्संरचना सम्बन्धी विस्तृत अध्ययन गरी ३ महिनाभित्र मन्त्रिपरिषदमा प्रस्ताव पेश गर्ने।

१५. "डिजिटल नेपाल फ्रेमवर्क२०७६" को प्रभावकारी कार्यान्वयका लागि विभिन्न मन्त्रालयबीच समन्वय गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालय अन्तर्गत डिजिटल नेपाल कार्यान्वयन एकाइ गठन गरी सो एकाइले फ्रेमवर्कका ८ वटा क्षेत्रसँग सम्बन्धित निकायहरूसँग समन्वय गरी कार्यान्वयनलाई अगाडि बढाउने र सम्बन्धित निकायहरूले सक्रिय सहयोग उपलब्ध गराउने।

१६. संघ, प्रदेश र स्थानीय तहमा हुने विकास कार्यहरूमा, तहगत समन्वय गर्ने संरचनागत व्यवस्था नभएको हुँदा संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को प्रभावकारी कार्यान्वयन गर्न र तीन तहबीचको समन्वय सहकार्य प्रवर्द्धन गर्नका लागि उपयुक्त

संरचना (खाका) तयार गर्न राष्ट्रिय योजना आयोगले आवश्यक समन्वय गरी अध्ययन कार्य अघि बढाउने र सोको प्रतिवेदन ३ महिना भित्र मन्त्रिपरिषदमा पेश गर्ने।

१७. नेपाल सरकारको स्वामित्वमा रहेको नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लि. मूलतः मालसामान ढुवानी गर्ने व्यवसायको लागि स्थापित संस्था हुँदाहुँदै सरकारी निकायहरूबाट समेत निजी ढुवानी व्यवसायीहरू मार्फत मालसामान ढुवानी गर्ने गरिएको हुँदा ढुवानीमा सरकारको लागत बढेको अवस्था छ। अतः मालवस्तुको छुट्टै बिमा गर्न नपर्ने भएकोले र हल्दिया/कलकत्ता बन्दरगाहमा कम्पनीको भौतिक पूर्वाधार समेत रहेकोले ढुवानी लागत कम पर्न जाने हुँदा नेपाल सरकार र नेपाल सरकारको अधिकांश स्वामित्वमा रहेका संस्थानहरूले आयात/निर्यात गर्ने सामग्रीहरू नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लि. मार्फत ढुवानी गर्ने।

१८. निजामती सेवाको आर्थिक योजना तथा तथ्याङ्क सेवा भित्र रहेका दुईवटा समूहमध्ये आर्थिक योजना समूह सचालन नहुँदा जनशक्ति व्यवस्थापन र संस्थागत संस्मरण प्रभावकारी हुन नसकेको साथै सर्वोच्च अदालतले समेत २०७१/०९/०१ गते यो समूह क्रियाशील बनाउन दिएको आदेश कार्यान्वयन नभएको हुँदा सर्वोच्च अदालतको आदेश तथा नि. से. ऐन २०४९ समेतको आधारमा आर्थिक योजना समूहलाई पूर्ण क्रियाशील बनाउन संङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह,प्रदेश सरकार र सङ्घीय सरकारले सम्पादन गर्ने तथ्याङ्कसम्बन्धी कार्यलाई समेत समन्वयात्मक ढङ्गबाट व्यवस्थापन गर्न एक महिना भित्र सङ्गठनात्मक प्रारूपसहित आवश्यक प्रक्रिया थालनी गर्ने ।

१९. नीति तथा योजना व्यवस्थापनलाई तथ्यपरक बनाई आधारभूत तथ्याङ्कीय सूचक तथा अन्य सूचनाहरूलाई व्यवस्थापन गर्न तयार गरिएको राष्ट्रिय तथ्यगत विवरण (NDP) को प्रभावकारी कार्यान्वयन नभएकोले नीति तथा योजना व्यवस्थापनलाई तथ्यपरक बनाई आधारभूत तथ्याङ्कीय सूचक तथा अन्य सूचनाहरूलाई व्यवस्थापन गर्न तयार गरिएको राष्ट्रिय तथ्यगत विवरण (NDP) लाई उपलब्धिमूलक बनाउन राष्ट्रिय योजना आयोगका सम्बन्धित क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा सरोकारवाला मन्त्रालय तथा निकायसंग समन्वय गरी आवश्यक प्रक्रिया थालनी गर्ने ।

२०. ब्रेन गेन सेन्टर (BGC) मा आवद्ध विज्ञहरूबाट नेपालले के-कसरी सेवा लिन सक्छ भन्ने विषयमा अन्तरमन्त्रालय/निकाय समन्वय, सहजीकरण, संस्थागत तथा प्रक्रियागत व्यवस्था हुन सके त्यसबाट राष्ट्र लाभान्वित हुने देखिएकोले के कति सेवा प्राप्त गर्ने भन्ने विषयमा अन्तर मन्त्रालय/निकाय समन्वय, सहजीकरण, संस्थागत तथा प्रक्रियागत व्यवस्था आदिको लागि आवश्यक ऐन-कानूनको संशोधन/तर्जुमा लगायतको विषयमा सिफारिश गर्न राष्ट्रिय योजना

आयोगका सदस्यको नेतृत्वमा सम्बद्ध मन्त्रालयका प्रतिनिधिहरू र परराष्ट्र मन्त्रालयको प्रतिनिधि सदस्य सचिव रहेको एक कार्यदल गठन गर्ने, उक्त कार्यदलले २ महिनाभित्र राष्ट्रिय योजना आयोगमा प्रतिवेदन पेश गर्ने ।

२१. नियमित प्रतिवेदनमार्फत जवाफदेहिताको प्रवर्द्धन गर्न अधिकृत तहका कर्मचारीहरूले आफूले दैनिक सम्पादन गरेको कार्यको प्रतिवेदन सम्बन्धित सुपरिवेक्षकसमक्ष र सचिवहरूले सम्पादित कार्यको प्रतिवेदन मूख्यसचिवसमक्ष पेश गर्नु पर्ने अनिवार्य व्यवस्था गरी यी प्रतिवेदनहरूलाई सम्बद्ध कर्मचारीहरूको कार्य सम्पादन मूल्यांकनको आधार बनाउने साथै प्रचलित सुशासन ऐनमा व्यवस्था रहेको केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिले विकास निर्माण र सेवा प्रवाहसम्बन्धी कार्यमा प्रभावकारी समन्वय गर्ने।

२२. संघ र प्रदेश सरकारका बजेट कार्यक्रममा दोहोरोपना आएको स्थितिले एकातिर स्रोतको अपचलन हुने र अर्कोतिर अभाव हुने अवस्था नबनोस् भन्नेतर्फ सजग हुँदै सङ्घीय सरकारका सबै मन्त्रालयहरूले बजेट तथा कार्यक्रमबारे प्रदेश र स्थानीय तहलाई यथासमयमा जानकारी गराउने र प्रदेश तथा स्थानीय तहले बजेट तर्जुमा गर्दा सङ्घीय सरकारको बजेट तथा कार्यक्रमबारे यथासमयमा जानकारी प्राप्त गरी बजेट विनियोजनमा दोहोरोपना नहुने गरी बजेट कार्यक्रम तयार गर्ने व्यवस्था मिलाउने।

## ५. समितिको बैठकमा प्रदेशबाट उठाइएका विषयहरूको सम्बोधन

सम्मानीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा आ.व. २०७७/७८ को प्रथम चौमासिक समीक्षा गर्न राष्ट्रिय विकास समस्या समितिको ४८ औं बैठकको पूर्वतयारीका क्रममा मिति २०७७/९/२९ गते सातै प्रदेशका प्रमुख सचिवज्यूहरूसँग छलफल कार्यक्रममा प्रदेशका समस्याहरू (अनुसूची १२) बारे विस्तृत छलफल गरिएको थियो। संघ र प्रदेश सरकारको बजेट र आयोजनाहरूमा हुने दोहोरपना हटाउनु पर्ने, सार्वजनिक खरिद ऐन संशोधन गर्नुपर्ने, मध्यपहाडी राजमार्गको रेखाङ्कन छिटो टुङ्गयाउनु पर्ने तथा राष्ट्रिय योजना आयोग र प्रदेशगत आयोगहरू बीच समन्वयको संयन्त्र निर्माण गर्नु पर्ने भनी उठेका विषयहरू राष्ट्रिय समस्या समाधान समितिको ४८ औं बैठकमा गरिएका निर्णयमा सम्बोधन भएको छ।

जग्गा प्राप्ति प्रक्रिया र ढुङ्गा, गिट्टी, बालुवासम्बन्धी मापदण्डका सम्बन्धमा उठेका विषयहरू समितिको यस अघिको बैठकका निर्णयहरूमा सम्बोधन भैसकेको छ। जग्गा अधिग्रहण तथा मुआब्जा निर्धारणसम्बन्धी एकीकृत राष्ट्रिय नीतिको मस्यौदा तयार गरी राष्ट्रिय योजना आयोगमा पेश भएको छ, सरकारी जग्गा दर्ता तथा लिज कार्यनीति, २०७१ को संशोधन मस्यौदा तयार भएको छ। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट भूमि सम्बन्धी (आठौं संशोधन) ऐन, २०७६ मार्फत

सार्वजनिक प्रयोजनको लागि सार्वजनिक जग्गा उपलब्ध गराउने व्यवस्था भएको साथै सडकको स्तरोन्नति गर्दा थप हुने वन क्षेत्रको क्षेत्रफल मात्र गणना गर्ने गरी वातावरण संरक्षण नियमावली, २०७७ मा व्यवस्था गरिएको छ । ढुङ्गा, गिट्टी तथा बालुवाको दिगो व्यवस्थापन तथा उपयोग सम्बन्धमा ढुङ्गा, गिटी, वालुवा उत्खनन विक्री तथा व्यवस्थापनसम्वन्धी मापदण्ड, २०७७ मन्त्रिपरिषदबाट मिति २०७७/०४/०५ मा स्वीकृत भैसकेको छ। समपूरक र विशेष अनुदानका सम्बन्धमा उठेका सवालहरू आयोगबाट नै सम्बोधन हुने प्रकृतिका रहेको देखिन्छ ।

# अनुसूचीहरू

## अनुसूची १ समष्टिगत आर्थिक सूचक

| सि.न. | सूचकहरू | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ |
|---|---|---|---|
| १. | कुल गार्हस्थ्य उत्पादनको वार्षिक वृद्धिदर (उत्पादकको मूल्यमा, प्रतिशत) | ६.७५ | २.२७ |
| २. | कुल गार्हस्थ्य उत्पादनको वार्षिक वृद्धिदर (आधारभूत मूल्यमा, प्रतिशत) | ६.९९ | २.२८ |
| ३. | कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा, रु. अर्ब) | ३४५९ | ३७६७ |
| ४. | प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा, रु. हजार) | ११७ | १२६ |
| ५. | प्रतिव्यक्ति राष्ट्रिय आय (अमेरिकी डलरमा) | १०५१ | १०९८ |
| ६. | कुल राष्ट्रिय बचत (जिडिपीसँगको अनुपातमा) | ४८.९ | ४६.० |
| ७. | कुल स्थिर पुंजी निर्माण (जिडिपीसँगको अनुपातमा) | ३३.७ | २८.१ |
| ८. | कुल निर्यात (रू.) | ९७. १ अर्ब | ९७. ७ अर्ब |
| ९. | कुल आयात (रू.) | १४१८.५ अर्ब | ११९६.८ अर्ब |
| १०. | व्यापार घाटा (रू.) | १३२१.४ अर्ब | १०९९.१ अर्ब |
| ११. | विप्रेषण आप्रवाह (रू.) | ८७९.३ अर्ब | ८७५.० अर्ब |
| १२. | शोधनान्तर स्थिति (रू.) | ६७.४ अर्ब घाटा | २८२.४ अर्ब बचत |
| १३. | विदेशी विनिमय सञ्चितिको पर्याप्तता | ७.८ महिना | १२.७ महिना |
| १४. | वैदेशिक लगानी आप्रवाह (रू.) | १६.६ अर्ब | १९.७ अर्ब |
| १५. | मुद्रास्फिति (प्रतिशत) | ४.६ | ६.२ |

# अनुसूची २

## पहिलो प्राथमिकता प्राप्त विकास आयोजनाहरूको आ.व. २०७७/७८ को प्रथम चौमासिक भौतिक प्रगति

| क्र.सं. | मन्त्रालय/निकाय | P1 कार्यक्रम संख्या | प्रगति स्थिति संख्या | | | |
|---|---|---|---|---|---|---|
| | | | ८०% वा सो भन्दा बढी | ५०% देखि ७९ सम्म | ५०% भन्दा कम | प्रगति नखुलेको |
| १ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २५ | ६ | १२ | ७ | |
| २ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ७ | ४ | १ | १ | |
| ३ | वन तथा वातावरण मन्त्रालय | १४ | ४ | ४ | ५ | |
| ४ | अर्थ मन्त्रालय | ६ | | | | ६ |
| ५ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ११ | २ | २ | ५ | |
| ६ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ८ | ५ | १ | २ | |
| ७ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ३ | १ | १ | १ | |
| ८ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | १२ | २ | २ | ४ | |
| ९ | खानेपानी मन्त्रालय | १५ | ६ | ५ | ४ | |
| १० | युवा तथा खेलकूद मन्त्रालय | ३ | १ | ० | २ | |
| ११ | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | ५ | २ | २ | १ | |
| १२ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २ | | | २ | |
| १३ | ऊर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रालय | ६२ | २७ | १६ | १९ | |
| १४ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ५३ | १७ | १५ | २१ | ४ |
| १५ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | २ | | १ | १ | |
| १६ | शहरी विकास मन्त्रालय | ९ | ० | २ | ७ | |
| १७ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | १ | | १ | | |
| १८ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | १४ | २ | २ | १० | ४ |
| १९ | गृह मन्त्रालय | ४ | | | | १ |
| २० | राष्ट्रिय योजना आयोग | २ | | | | |
| २१ | अर्थ मन्त्रालय (विविध समेत) | २ | | | | ५ |
| | **जम्मा** | २६० | ७९ | ६७ | ९२ | १८ |

# अनुसूची ३

## आ.व.२०७७/७८ को प्रथम चौमासिकसम्मको मन्त्रालयगत/ निकायगत खर्च विवरण (करोडमा) (महालेखा नियन्त्रकको कार्यालयबाट प्राप्त विवरण अनुसार)

| आ.व.२०७७/७८ को प्रथम चौमासिकसम्मको मन्त्रालयगत/ निकायगत खर्च विवरण (करोडमा) | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | वार्षिक बजेट | | | | खर्च प्रतिशत | | | |
| क्र.सं. | निकायको नाम | चालु | पुँजीगत | वित्तीय | जम्मा | चालु | पुँजीगत | वित्तीय | जम्मा |
| १ | राष्ट्रपति | १२.९८ | ३.२३ | ०.०० | १६.२१ | २६ | १२ | ० | २३ |
| २ | उपराष्ट्रपति | ४.९३ | ०.१७ | ०.०० | ५.१० | ३० | ७२ | ० | ३१ |
| ३ | प्रदेश प्रमुखहरू | २१.७३ | १.१६ | ०.०० | २२.८९ | २० | १७ | ० | २० |
| ४ | संङ्घीय संसद | १२२.३८ | ३.१९ | ०.०० | १२५.५७ | २४ | २३ | ० | २४ |
| ५ | अदालत | ४८३.६७ | १९४.८९ | ०.०० | ६७८.५६ | २८ | १० | ० | २३ |
| ६ | अख्तियार दुरूपयोग अनुसन्धान आयोग | ९५.०५ | ३७.९९ | ०.०० | १३३.०४ | १९ | ६ | ० | १५ |
| ७ | महालेखा परीक्षकको कार्यालय | ४८.५९ | १३.७३ | ०.०० | ६२.३२ | २४ | ९ | ० | २१ |
| ८ | लोक सेवा आयोग | ८९.०४ | २.२२ | ०.०० | ९१.२६ | १२ | ९ | ० | १२ |
| ९ | निर्वाचन आयोग | ४४.३५ | ३.६६ | ०.०० | ४८.०१ | २६ | २ | ० | २४ |
| १० | राष्ट्रिय मानव अधिकार आयोग | २५.४० | ०.३५ | ०.०० | २५.७५ | २१ | ४ | ० | २१ |
| ११ | न्याय परिषद् | ४.४८ | ०.२१ | ०.०० | ४.६९ | २९ | २६ | ० | २९ |
| १२ | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | ८.५३ | ०.२७ | ०.०० | ८.८० | १४ | ४ | ० | १३ |
| १३ | राष्ट्रिय महिला आयोग | १२.०४ | ०.१० | ०.०० | १२.१४ | १० | ० | ० | १० |
| १४ | राष्ट्रिय दलित आयोग | ३.२८ | ०.०० | ०.०० | ३.२८ | १३ | ० | ० | १३ |
| १५ | राष्ट्रिय समावेशी आयोग | ३.२४ | ०.१७ | ०.०० | ३.४१ | १६ | ० | ० | १५ |
| १६ | आदिवासी जनजाति आयोग | २.९१ | ०.२४ | ०.०० | ३.१५ | १४ | ० | ० | १३ |
| १७ | मधेशी आयोग | ३.२९ | ०.१७ | ०.०० | ३.४६ | २० | १० | ० | २० |
| १८ | थारू आयोग | ४.०७ | ०.४० | ०.०० | ४.४७ | १६ | ० | ० | १५ |
| १९ | मुस्लिम आयोग | ३.८८ | ०.५६ | ०.०० | ४.४४ | ११ | ० | ० | १० |
| २० | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३७६.७० | ४५.१५ | ०.०० | ४२१.८५ | २५ | १० | ० | २३ |
| २१ | अर्थ मन्त्रालय | २४३०.६६ | ९६०.७२ | ०.०० | ३३९१.३८ | १४ | १ | ० | १० |
| २२ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ५२८.७८ | ४९०.१८ | ०.०० | १०१८.९६ | १४ | ४ | ० | ९ |

| आ.व.२०७७/७८ को प्रथम चौमासिकसम्मको मन्त्रालयगत/ निकायगत खर्च विवरण (करोडमा) | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | वार्षिक बजेट | | | | खर्च प्रतिशत | | | |
| क्र.सं. | निकायको नाम | चालु | पुँजीगत | वित्तीय | जम्मा | चालु | पुँजीगत | वित्तीय | जम्मा |
| २३ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | ५२९.३० | ३६२२.८५ | ०.०० | ४१५२.१४ | १० | ८ | ० | ८ |
| २४ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ४९.१८ | ०.६१ | ०.०० | ४९.७९ | १५ | २६ | ० | १५ |
| २५ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २५७०.३० | ३१५.०२ | ०.०० | २८८५.३२ | २७ | ६ | ० | २५ |
| २६ | खानेपानी मन्त्रालय | ३१६.९३ | २४९१.१७ | ०.०० | २८०८.१० | ६ | ५ | ० | ५ |
| २७ | गृह मन्त्रालय | १२९९१.९३ | ६००.३८ | ०.०० | १३५९२.३१ | २९ | १६ | ० | २८ |
| २८ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ३७५.२२ | १९१.१६ | ०.०० | ५६६.३८ | १५ | १० | ० | १४ |
| २९ | परराष्ट्र मन्त्रालय | ५३७.७९ | ११९.१४ | ०.०० | ६५६.९३ | ३५ | ० | ० | २९ |
| ३० | वन तथा वातावरण मन्त्रालय | ७५१.७१ | ४५३.७८ | ०.०० | १२०५.४९ | २५ | ३ | ० | १७ |
| ३१ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ५६७.७७ | २५५.२७ | ०.०० | ८२३.०४ | २१ | ४ | ० | १६ |
| ३२ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | १०३६.६४ | १२३६५.५६ | ०.०० | १३४०२.२० | ६ | ११ | ० | १० |
| ३३ | महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | ७३.८० | १२.०९ | ०.०० | ८५.८९ | १२ | २ | ० | ११ |
| ३४ | युवा तथा खेलकूद मन्त्रालय | १६४.६५ | १९.३० | ०.०० | १८३.९५ | १५ | १ | ० | १४ |
| ३५ | रक्षा मन्त्रालय | ४४६०.०० | ५६६.१९ | ०.०० | ५०२६.१९ | ३४ | ६ | ० | ३१ |
| ३६ | शहरी विकास मन्त्रालय | ५०५.६८ | २५०४.८२ | ०.०० | ३०१०.५० | १७ | १६ | ० | १६ |
| ३७ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ५५४८.६८ | ३८.२१ | ०.०० | ५५८६.८९ | २१ | ११ | ० | २० |
| ३८ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ५२९.०१ | १८४.४१ | ०.०० | ७१३.४२ | २६ | १ | ० | १९ |
| ३९ | संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | १३६३.१५ | १५४६.४७ | ०.०० | २९०९.६२ | ५ | ५ | ० | ५ |
| ४० | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | ४५३८.०८ | १५८२.११ | ०.०० | ६१२०.१९ | १८ | ३ | ० | १५ |

| आ.व.२०७७/७८ को प्रथम चौमासिकसम्मको मन्त्रालयगत/ निकायगत खर्च विवरण (करोडमा) | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | वार्षिक बजेट | | | | खर्च प्रतिशत | | | |
| क्र.सं. | निकायको नाम | चालु | पुँजीगत | वित्तीय | जम्मा | चालु | पुँजीगत | वित्तीय | जम्मा |
| ४१ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | १००३.८१ | ६.२७ | ०.०० | १०१०.०७ | ९ | १२ | ० | १० |
| ४२ | राष्ट्रिय योजना आयोग | ३१६.७६ | ८.९४ | ०.०० | ३२५.७० | ४ | ५ | ० | ४ |
| ४३ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | १६०४.९४ | ३८९५.०६ | ०.०० | ५५००.०० | २२ | ११ | ० | १४ |
| ४४ | अर्थ मन्त्रालय- वित्तीय व्यवस्था | ०.०० | ०.०० | १०४४३.४७ | १०४४३.४७ | ० | ० | ३ | ३ |
| ४५ | अर्थ मन्त्रालय- आन्तरिक ऋण भुक्तानी | २७०८.४७ | ०.०० | ४११७.०५ | ६८२५.५२ | ४० | ० | ० | १६ |
| ४६ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय) | ४२२.४२ | ०.०० | २०५७.१५ | २४७९.५७ | २८ | ० | २५ | २५ |
| ४७ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (द्विपक्षीय) | १५५.३८ | ०.०० | ५५५.३६ | ७१०.७४ | २६ | ० | १४ | १७ |
| ४८ | अर्थ मन्त्रालय- कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधा | ८२६९.९० | ०.०० | ०.०० | ८२६९.९० | २० | ० | ० | २० |
| ४९ | अर्थ मन्त्रालय- विविध | २६४१.१२ | २७६६.८४ | ०.०० | ५४०७.९६ | ० | ० | ० | ० |
| ५० | प्रदेश | १००७१.८४ | ०.०० | ०.०० | १००७१.८४ | २४ | ० | ० | २४ |
| ५१ | स्थानीय तह | २६५५२.६९ | ०.०० | ०.०० | २६५५२.६९ | २८ | ० | ० | २८ |
| | **जम्मा** | **९४९८७.११** | **३५३०४.४०** | **१७१७३.०३** | **१४७४६४.५४** | **२४** | **८.३४** | **५.५३** | **१८** |

## अनुसूची ४

## राष्ट्रिय गौरवका आयोजनाहरूको आ.व. २०७७/०७८ को प्रथम चौमासिकको प्रगति स्थिति

| क्र.सं. | आयोजना | आ.व. ०७७/०७८ को वार्षिक बजेट (रू.करोडमा) | आ.व. ०७७/०७८ को पहिलो चौमासिक बजेट (रू.करोडमा) | आ.व. ०७७/०७८ को पहिलो चौमासिक बजेटको तुलनामा भौतिक प्रगति (प्रतिशतमा) | आ.व. ०७७/०७८ को पहिलो चौमासिक बजेटको तुलनामा वित्तीय प्रगति (प्रतिशतमा) |
|---|---|---|---|---|---|
| १ | सिक्टा सिँचाइ आयोजना | १५५.७४ | २८.१२ | ९६.९३ | ४२.५१ |
| २ | बबई सिँचाइ आयोजना | १३८.९६ | २२.८४ | ६१ | ६०.११ |
| ३ | रानीजमरा कुलरिया सिँचाइ आयोजना | २१७.५६ | २७.९२ | ६१.२९ | ९३.९३ |
| ४ | सुनकोशी मरिन डाइभर्सन आयोजना | २४८.८५ | १८.७२ | ९८.६८ | ४.२७ |
| ५ | महाकाली सिँचाइ आयोजना | ४३.७३ | १४.८८ | ८६.६७ | ९४.२४ |
| ६ | भेरी बबई डाइभर्सन वहुउद्देश्यीय आयोजना | ३११.१७ | ८२.१४ | ८०.२६ | २७.९३ |
| ७ | माथिल्लो तामाकोशी जलविद्युत् आयोजना | ३४३ | १८० | ५८.१६ | ९०.१६ |
| ८ | बुढिगण्डकी जलविद्युत् आयोजना | ८००.८४ | ६९.५४ | १३३.८१ | १२४.५५ |
| ९ | विद्युत् प्रसारण आयोजना | - | - | - | - |
| १० | पश्चिम सेती जलविद्युत् आयोजना | - | - | - | - |
| ११ | गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल | ४७२ | २०६.२० | ४३ | १५ |
| १२ | पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थल | १०७५ | ८५ | २६ | २४ |
| १३ | निजगढ अन्तराष्ट्रिय विमानस्थल | ५० | ३० | १०० | ० |
| १४ | रेल्वे तथा मेट्रो विकास आयोजना | ८६६.६६ | ३६२ | २८ | २७.६३ |
| १५ | हुलाकी राजमार्ग | ६९३ | २४३ | ८१.४१ | ६६.०६ |
| १६ | पुष्पलाल (मध्य-पहाडी) लोकमार्ग | ८१७ | १८७ | ५१.९४ | ५७.६१ |
| १७ | उत्तर दक्षिण (कोशी) लोकमार्ग | ८६.७४ | ३०.५५ | ४०.३१ | १०.१६ |
| १८ | उत्तर दक्षिण (कालिगण्डगी) लोकमार्ग | ३४४.२५ | १९२९ | ४९.२३ | ४३.५५ |
| १९ | उत्तर दक्षिण (कर्णाली) लोकमार्ग | ६१.३८ | ३१.३८ | ६७.५ | ६०.९८ |
| २० | काठमाडौं तराई - मधेस द्रुतमार्ग | ८९३ | ८९३.८८ | ७४.८० | ५३.८३ |
| २१ | मेलम्ची खानेपानी आयोजना | ५४६ | १११ | ७६.७१ | ३६.४५ |
| २२ | पशुपति क्षेत्र विकास कोष | ३५ | १५.२८ | ३४ | २३ |
| २३ | लुम्बिनी क्षेत्र विकास कोष | १०० | १०.७६ | ९५ | ८५ |
| २४ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | १५५.६३ | १९.८९ | ८३.१७ | २७.५४ |

## अनुसूची ५

## पुनर्निर्माणसम्बन्धी प्रगति स्थितिः सरकारी भवन पुनर्निर्माणसम्बन्धी

| क्र.सं. | संरचना | पुनर्निर्माण गर्नुपर्ने सङ्ख्या | सम्पन्न सङ्ख्या | निर्माणाधीन सङ्ख्या | निर्माण शुरू गर्न बाँकी सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | सरकारी भवन | ४१५ | ३७४ | ३८ | ३ |
| २. | विद्यालयको भवन | ७५५३ | ६०८५ | १३२९ | १३९ |
| ३. | स्वास्थ्य संस्थाको भवन | ११९७ | ६९८ | १४३ | ३५६ |
| ४. | पुरातात्विक सम्पदा | ९२० | ४६५ | ७८ | ३७७ |
| ५. | सुरक्षा निकायको भवन | २१६ | २०७ | ९ | ० |

## अनुसूची ६

## पुनर्निर्माणसम्बन्धी प्रगति स्थितिः निजी आवास अनुदान वितरणसम्बन्धी

| सूचक | आ.व. २०७५/७६ सम्म भएको प्रगति | आ.व. २०७६/७७ सम्म भएको प्रगति | आ.व. २०७७/७८ प्रथम चौमासिक सम्म भएको |
|---|---|---|---|
| जम्मा लाभग्राही | ८१६,७१३ | ८३४८०१ | ८३४९११ |
| अनुदान सम्झौता | ७६८,४६९ | ७९०४५० | ७९१८०० |
| निर्माण कार्य शुरु भएको घरहरू | ६४०,५०६ | ७१०७०२ | ७२२४९४ |
| निर्माण कार्य सम्पन्न भएका घरहरू | ४१८,७६४ | ५०८१४१ | ५५४४११ |

## अनुसूची ७

## कोभिड-१९ को अर्थतन्त्रमा परेको प्रभाव

| क्षेत्र | कोभिड-१९ अघिको अनुमान (%) | कोभिड-१९ पछिको अनुमान (%) | आर्थिक वृद्धिमा भएको क्षति (%) | कुल उत्पादनमा क्षति (रू.अर्ब) | कुल मूल्य अभिवृद्धिमा क्षति (रु.अर्ब) |
|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादनमा बृद्धि (आधारभूत मूल्यमा) | ६.२ | ०.६ | ५.६ | ३२२ | १६६ |
| कृषि क्षेत्र | ३.६ | २.५ | १.१ | १२ | १० |
| गैर-कृषि क्षेत्र | ७.३ | - ०.२ | ७.५ | ३१० | १५६ |

## अनुसूची ८

## रणनीतिगत राहत तथा पुनरुत्थान लागत

| रणनीति | अल्पकालीन | मध्यमकालीन | दीर्घकालीन | कुल रकम | प्रतिशत |
|---|---|---|---|---|---|
| सङ्क्रमण नियन्त्रण तथा राहत | २११.३७ | ३५.२८ | १८.२९ | २६९.९४ | ३९.८ |
| रोजगारी | १३.०६ | ६०.८६ | १८.७० | ९२.६२ | १३.९ |
| आयोजनाको निरन्तरता | ८.५४ | ८३.१३ | २२.८४ | ११४.५१ | १७.२ |
| नयाँ प्रणाली विकास तथा अवलम्बन | ४.०० | ८४.७० | ३०.८६ | ११९.५६ | १८.० |
| आत्मनिर्भरता अभिवृद्धि | ५.०७ | २३.२७ | ४५.१० | ७३.४४ | ११.० |
| कुल | २४२.०४ | २८७.२४ | १३५.७९ | ६६५.०७ | १००.० |
| प्रतिशत | ३६.४ | ४३.२ | २०.४ | १००.० | |

## अनुसूची ९

## अतिकम विकसित राष्ट्रबाट स्तरोन्नति मापदण्ड र नेपालको अवस्था

| सूचकांक | २०१५ | | २०१८ | | २०२१ | |
|---|---|---|---|---|---|---|
| | स्तरोन्नति | नेपाल | स्तरोन्नति | नेपाल | स्तरोन्नति | नेपाल |
| प्रतिव्यक्ति कुल राष्ट्रिय आय (अमेरिकी डलर) | >१२४८ | ६५९ | >१२३० | ७४५ | >१२२२ | १०२७ |
| मानव सम्पत्ति सूचकाङ्क | >६६ | ६८.७ | >६६ | ७१.२ | >६६ | ७५ |
| आर्थिक जोखिम सूचकाङ्क | <३२ | २६.८ | <३२ | २८.४ | <३२ | २४.२ |

# अनुसूची १०

## राष्ट्रिय विकास समस्या समाधान समितिको ४८ औं बैठकमा सम्माननीय प्रधानमन्त्रीज्यूले दिनुभएको निर्देशनको विस्तृत विवरण

१. आज हामी राष्ट्रिय विकास समस्या समाधान समितिको ४८ औं बैठक सम्पन्न गर्दैछौं । करिब १२ महिना अघि यस समितिको ४७ औं बैठक बसेपछि राष्ट्रको विकास पथमा कोभिड-१९ नामक महामारी अभेद्य तगारो बनेर तेर्सिएको थियो । त्यसले नेपालमा मात्रै होइन, सम्पूर्ण विश्वभरी नै आम मानिसको स्वास्थ्यमा अकल्पनीय संकट सिर्जना गऱ्यो । सर्वत्र कोभिडको भय र आतंकको वातावरण छायो । केहि मत्थर भए पनि कोभिडको संक्रमण अझै पूर्णरुपले हटिसकेको छैन । नयाँ रुपको दोस्रो संस्करणको कोभिड पुनः आउनसक्ने त्रास पनि कायमै छ। यसले मानव स्वास्थ्यमा मात्रै नभै शिक्षा, उद्योग, व्यापार, पर्यटन, रोजगार लगायतका सामाजिक तथा आर्थिक सेवाका सबै क्षेत्रमा दीर्घकालीन असर पारेको विषय सबैले अनुभूति गरेकै छ ।

२. आ.व.२०७६/७७ को करीब आधा समय कोभिडको महामारी नेपालको मात्रै नभएर सम्पूर्ण विश्वको आर्थिक विकासको प्रमुख समस्याको रुपमा रह्यो। कोभिडबाहेकका अन्य समस्याहरुमा केन्द्रित भएर छलफल, अन्तर्क्रिया गर्ने वातावरण पनि निर्माण हुन सकेन। बन्दाबन्दी, आवागमन तथा व्यापार-व्यवसाय संचालनमा निषेधाज्ञा र कोभिडसँग बच्ने अन्य रणनीतिहरुको कार्यान्वयनबाट सरकारले थालनी गरेका कैयौं विकास निर्माणका कार्यहरु अवरुद्ध भए। त्यो समय नै असामान्य थियो। बन्दाबन्दी नगरेको भए, संकटको स्थिति राज्यको नियन्त्रण क्षमता भन्दा बाहिर जान सक्छ भन्ने देखियो । त्यसैले, सर्वप्रथम, यो स्वास्थ्य संकटको निरोध, सामना, संक्रमितको उपचार र समष्टिगत संकट व्यवस्थापन गर्नको लागि शुरुवाती चरणदेखि अहिलेसम्म नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको सहकार्यमा विभिन्न भूमिकामा, अहोरात्र, विविध अभाव एवम् असुविधाका बावजुद अग्रपंक्तिमा खटिएका, निस्वार्थरुपमा संक्रमितको सेवामा समर्पित सम्पूर्ण स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाईकर्मी, सञ्चारकर्मी, सामाजिक कार्यकर्ता लगायत सबैप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । यस संकट व्यवस्थापनको नेतृत्व, संयोजन तथा समन्वयमा खटिने सबै माननीय मुख्य मन्त्रीज्यूहरु, माननीय मन्त्रीज्यूहरु, सेना प्रमुखज्यू, सचिवज्यूहरु, प्रहरी प्रमुखज्यूहरु, सामाजिक कार्यकर्ताहरु र सबै राष्ट्रसेवकहरुको सेवाको उच्चमूल्यले सह्राहना गर्दछु ।

३. अघि राष्ट्रिय योजना आयोगका उपाध्यक्षज्यूबाट गत आर्थिक वर्षको वार्षिक र चालु आर्थिक वर्षको पहिलो चौमासिकको उपलब्धि तथा प्रगति, प्रमुख समस्या र ती समस्याको समाधान गरी भविष्यमा कसरी अगाडि बढ्न सकिन्छ भन्ने विषयमा विस्तारमा प्रस्तुति भयो । सहभागीहरुबाट समेत महत्वपूर्ण विचारहरु प्रस्तुत भए । केही गुनासा र केही राय सुझावहरु पनि व्यक्त भए । यसलाई मैले सकारात्मकरुपमै लिएको छु। अब मैले मूल्याङ्कन गर्ने पालो आएको छ। यो बैठक माननीय मन्त्रीज्यूहरुले व्यक्तिगतरुपमा वर्षभरीमा आफू र आफ्नो मन्त्रालयले यो-यो काम गर्‍यो, यो यो काम यसकारणले गर्न सकिएन भनेर प्रगति प्रस्तुत गर्ने मञ्च हो। तर केही मन्त्रीज्यूहरुको कार्यक्षेत्र हेरफेर भएको छ भने केहीले मन्त्रालयको जिम्मेवारी भर्खरै सम्हाल्नु भएको छ। यो बैठक माननीय मन्त्रीज्यूहरुको मात्रै होइन सचिवज्यूहरुसँग गरिएको कार्यसम्पादन सम्झौतालाई मूल्यांकन गर्ने थलो पनि हो। तपाईहरुको कार्यसम्पादनस्तर भन्दा मेरो वा नेपाल सरकारको कार्यसम्पादन अब्बल हुन सक्दैन । न राष्ट्रको समग्र कार्यसम्पादन नै उँचो हुन सक्छ । तपाईहरुको कार्यसम्पादनमा नेपाल सरकार र समग्र राष्ट्रको भविष्य जोडिएको छ भन्ने म ठान्दछु । गत आर्थिक वर्षको न्यून प्रगति तथा कमजोरीलाई हामीले कोभिड देखाएर ढाकछोप गर्न सक्छौं । तर यस वर्षको पहिलो चौमासिकको जिम्मेवारी कसले लिने ? नेपाली नागरिकहरुको चेतनास्तर धेरै माथि उठिसकेको छ। जनताले विभिन्न माध्यमबाट प्रश्न गर्छन्, औंला उठाउँछन्। साउन महिनादेखि नै आफ्नो जिम्मेवारी पूरा गर्न कम्मर कसेर, एकजुट भएर लाग्नुपर्ने हो। अझै पनि ढिला भएको छैन । सात प्रतिशतको आर्थिक वृद्धि हासिल गर्नु हाम्रो यस वर्षको लक्ष्य हो । विगतका कमजोर कार्यसम्पादनबाट पाठ सिकेर काम शुरु गरिहाल्न ढिला नगरौं, सबै साथीहरुलाई मेरो यहि आग्रह छ ।

४. मैले प्रधानमन्त्रीको जिम्मेवारी सम्हालेपछि अर्थतन्त्र र विकासका मुख्य परिसूचकहरु सकारात्मक रहेका छन् । सरकार वित्तीय स्थिति सन्तुलित अवस्था मै कायम राख्न सफल भएको छ। सरकारको संयमता र सुझबुझले गर्दा कोभिडको स्वास्थ्य संकटको कारणले सरकार आर्थिक संकटबाट गुज्रनु पर्ने अवस्था नआएको हो। अबको प्रमुख कार्यसूची विकास खर्चको व्यवस्थापनमा सुधार र विकास निर्माणका कार्यहरुमा तिव्रता दिने विषय हुन्। यिनै दुई महत्वपूर्ण विषयमा एकजुट भएर लाग्नको लागि अभिप्रेरित गर्ने उद्देश्यले भौतिक दूरी कायम गर्नुपर्ने बाध्यताका बावजुद पनि यस समितिको बैठक आयोजना गरिएको हो ।

५. यसै सन्दर्भमा सर्वप्रथम, साथीहरुलाई दीगो विकासको तेस्रो लक्ष्य, जुन स्वास्थ्य जीवनसँग सम्बन्धित छ, त्यसलाई स्मरण गराउँछु। स्वास्थ्य सम्बन्धी तिनै लक्ष्य र सूचकहरुलाई पूरा गर्नुपर्छ भन्ने कुरालाई ध्यानमा राखेर गएको निर्वाचनमा हामीले सबैलाई स्वास्थ्य बीमा,

गरीब  तथा ज्येष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य सेवा, हरेक गाउँपालिका र नगरपालिकामा आधुनिक अस्पताल, अस्पतालहरुमा ट्रमा सेन्टर, सघन उपचार कक्ष तथा भेन्टिलेटर स्थापना लगायतका प्रतिवद्धता गरेका थियौं। तिनै प्रतिवद्धताहरु पूरा गर्न नेपाल सरकारले सबै गाउँपालिका र नगरपालिकामा न्यूनतम ५ देखि १५ शैयाको अस्पताल निर्माण गरी सार्वजनिक स्वास्थ्य सेवाको सुदृढीकरण गर्ने उद्देश्यले मङ्सिरमा एकै दिन करिब ३०० वटा अस्पतालको शिलान्यास गरिसकेको विषय आज यहाँ स्मरण गर्दछु । वर्तमान सरकारले गरेको यो आरम्भलाई नेपालले दशकौंसम्म सम्झिरहनेछ । अब कुनै पनि नेपाली स्वास्थ्य सेवाबाट वञ्चित हुनुपर्ने छैन । यो सबै नेपालीले गौरव गर्ने विषय हो ।

६. सन् २०२२ मा कम विकसित राष्ट्रबाट स्तरोन्नति हुने अपेक्षित वर्ष मानिएको छ । सोह्रौं योजनादेखि यथार्थमै हामीले दोहोरो अंकको आर्थिक वृद्धि हासिल गर्ने आधारशिला तयार गरिसक्नुपर्छ। यसैले "सुखी नेपाली, समृद्ध नेपाल" निर्माणको दीर्घकालीन सोच राखिएको हो। त्यसको लागि काठमाण्डौं-निजगढ द्रुतमार्ग, मेलम्ची खानेपानी, माथिल्लो तामाकोशी जलविद्युत, भैरहवा र पोखराका विमानस्थलहरू लगायतका राष्ट्रिय गौरवका आयोजनाहरु प्रमुख आधारशिला हुन् । त्यसैले  यी सबै आयोजनाहरू निर्धारित समयमै सम्पन्न भैसक्नुपर्छ।

७. हामीले "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकांक्षा साकार पार्न सरकारको नीति तथा कार्यक्रम, वार्षिक बजेट र दीर्घकालीन सोच सहितको पन्ध्रौं योजनामा त्यसलाई आन्तरिकीकरण गरेका छौं। हामी त्यही मार्गचित्रमा हिंड्ने हो । अब समृद्धि दिने वा खुशी दिने अरु कुनै माध्यम वा अन्य कुनै उपाय खोजी गरेर अलमलिनु पर्दैन । यिनै वार्षिक बजेटहरू र पन्ध्रौं योजनाको पूर्ण कार्यान्वयन गरे पुग्छ। यी योजना, बजेट र कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरेर नै ती आकांक्षा पूरा गर्न सकिन्छ भन्ने मेरो विश्वास छ।

८. मेलम्ची खानेपानी आयोजनाको  निर्माणको अन्तिम चरणमा के भयो सबैले देखेकै छ। आयोजनाको शुरुदेखि नै हरेक चरणका काम निर्धारित समयमा, तोकिएको गुणस्तरमा प्रभावकारी तवरले सम्पन्न गर्न के अवरोध रह्यो? एउटा सानो गल्ती भयो भने अन्तिममा एक अर्कालाई दोषारोपण गरेर बस्नु सिवाय हामीले केही किन गरेनौं? यसबाट आउने दिनका लागि पाठ सिक्नु होला। राष्ट्रिय गौरवका चालु आयोजनाहरू सबैलाई एक्सन रुमबाट समस्या समाधान गर्न सकिने हिसाबले ऐन, नियम वा निर्देशिका के बनाउनु पर्ने बनाएर अगाडी बढ्नुपर्छ । खरिद ऐन, मुआब्जा, वन, बिजुली वा अन्य कारणले समयमा आयोजना सम्पन्न हुननसकेको सँधै सुनिन्छ। तिनलाई यो विकास समस्या समाधान समिति र एक्सन

रुमकै तहमा टुङ्गिने स्थिति निर्माण गर्नुहोला। अब यो समितिको अर्को बैठक अगावै, तुरुन्तै सघन गृहकार्य शुरु गरी, राष्ट्रिय महत्वका आयोजनाहरु र रुपान्तरणकारी आयोजनाहरूको कार्यान्वयनलाई सरल, संक्षिप्त एवम् प्रभावकारी बनाउन छुट्टै कार्यान्वयन विधि अवलम्बन गर्न सक्ने गरी कानून र संरचना  तर्जुमा गरी लागू गर्नु होला। हामीलाई अब समयले माफी दिनेछैन।

९. यस चौमासिकमा राष्ट्रिय गौरवका अधिकांश आयोजनाको प्रगति सन्तोषजनक देखिएको छ । तर कतिपय आयोजनामा शुरु लक्ष्य नै कम राखिएको हुनाले प्रगतिको प्रतिशत उच्च देखिएको हुन सक्छ। त्यसैले दोस्रो चौमासिकमा आयोजनाको  पूर्वनिर्धारित निर्माण समय तालिका बमोजिम यस वर्षसम्मको प्रगति प्रस्तुत गर्ने व्यवस्था मिलाउनुको साथै उक्त पूरानो लक्ष्य हासिल गर्ने गरी निर्माण कार्यमा तिब्रता ल्याउनु  होला।

१०. धितोपत्र कारोबारमा मेरो नेतृत्वको सरकारको पालामा भएका नीतिगत तथा प्रविधिगत सुधारको परिणाम स्वरुप शेयर बजार विस्तारमा नेपालले ठूलो छलाङ् मार्न सफल भएको छ । सरकारले शेयर बजारको थप सुधार गरी अन्तर्राष्ट्रियस्तरको बनाउनको लागि आवश्यक पर्ने कार्यहरुलाई अभियानकोरुपमा अगाडी बढाइरहनेछ।

११. त्यसैगरी, व्यापार घाटामा आएको न्यूनताले नेपालको विदेशी विनिमय संचिति अहिलेसम्मकै उच्च बिन्दुमा पुगेको छ  भने अध्ययन तथा रोजगारीको लागि विदेशिएका नेपाली युवाहरुले पठाउने विप्रेषणमा कोभिडको कारणले कमी आएको देखिएको छैन । विकास योजनाको उच्च तहमा बसेर नेतृत्वदायी काम गर्ने यहाँ उपस्थित सबैले त्यो सञ्चिति र विप्रेषणको सहीरुपले राष्ट्र र जनताको दीर्घकालीन हित हुने नवीन एवम् सिर्जनशील कार्यक्रम र पुँजी निर्माणमा लगानी गर्ने खाका निर्माण गरेर अगाडि बढ्नुहुनेछ भन्नेमा म विश्वस्त छु।

१२. भूकम्पपछिको पुन:निर्माण गर्न गठित राष्ट्रिय पुन:निर्माण प्राधिकरणको पाँच वर्षे कार्यावधि केही महिनामा समाप्त हुँदैछ । समग्रमा प्राधिकरणको कार्यप्रगति प्रसंशनीय छ । यसको लागि प्राधिकरणका कार्यकारी प्रमुखज्यू र सम्पूर्ण कार्यसमूहलाई बधाई छ । यद्यपि, प्राधिकरणको भौगर्भिक अध्ययनमा जोखिमयुक्त देखिएका सयौं बस्तीहरुको स्थानान्तरण गर्ने एउटा महत्वपूर्ण जिम्मेवारी बाँकी नै छ । सिन्धुपाल्चोक जिल्लामा मात्र ७१ स्थानका बस्ती जोखिमयुक्त छन्। यस वर्षको पहिरोले लिदी लगायतका कैयौं बस्तीलाई क्षतविक्षत बनायो । त्यसैगरी, १३९ वटा विद्यालय, ३५६ वटा स्वास्थ्य भवन र ३७७ वटा पुरातात्विक सम्पदाको पुन:निर्माण बाँकी रहेको देखिएको छ। आगामी दिनमा, भूकम्प पश्चात्को पुन:निर्माणको बाँकी काम र बाढी, पहिरो, डुबान लगायतका प्राकृतिक प्रकोपसँग

सामना गर्ने सम्पूर्ण कामको जिम्मेवारी अब राष्ट्रिय विपत्त व्यवस्थापन प्राधिकरण तथा क्षेत्रगत मन्त्रालयहरूबाट समन्वयात्मक रूपमा सम्पन्न गर्नुपर्दछ ।

१३. नेपालमा अहिले तीन तहको शासनप्रणाली भएको संघीयता संस्थागत हुने प्रक्रियामा छ । अहिले जस्तो थिति बसाल्यो, पछिसम्म त्यहि कायम रहने हो । देशको योजना र दीगो विकासका लक्ष्यहरु कार्यान्वयनमा प्रदेश र स्थानीय सरकारलाई जिम्मेवार बनाइएकाले तिनको व्याख्या र कार्यान्वयन ढाँचा ७६० को प्रकारको हुनसक्छ। अहिले, सातवटा प्रदेश तथा ७५३ स्थानीय सरकारले अलग-अलग रूपमा हासिल गरेका उपलब्धिहरूलाई सङ्कलन गर्ने एकीकृत सूचना प्रणालीको अभाव एकातिर छ भने अर्कोतिर राष्ट्रिय स्तरको परिमाणात्मक लक्ष्यसँग प्राप्त उपलब्धि तुलना गर्ने विषय झनै जटिल छ । नेपालमा तथ्यमा आधारित निर्णय तथा नतिजामा आधारित अनुगमन एवम् मूल्याङ्कन पद्धतिको अभ्यास अपेक्षित रूपमा सफल हुन नसकेको मेरो अनुभूति छ। केही स्थानीय तह बाहेक अधिकांश स्थानीय तह र प्रदेश सरकारहरूमा एकातिर खण्डीकृत सूचनाको अभाव छ भने अर्कोतिर तोकिएको समयमा, तोकिएको ढाँचामा, तोकिएको निकायमा प्रतिवेदन गर्ने प्रणालीमा पनि समस्या हुने गरेकाले कुन परिमाणात्मक लक्ष्यमा त्यो निकायको स्थान कहाँ छ भनेर पत्ता लगाउन सकिँदैन। दीगो विकास लक्ष्यका कैयौं सूचकहरु अझै तथ्याङ्कविहीन छन्। कमजोर तथ्याङ्कीय क्षमताका कारण दीगो विकास लक्ष्यको अनुगमन र उपलब्धिको लेखाङ्कन कठिन हुनेछ। यसलाई कानुनी तथा संस्थागतरुपमै व्यवस्थित गरी योजना कार्यान्वयनमा तहगत समन्वय स्थापित गर्ने विषयलाई गम्भिरतापूर्वक अध्ययन गर्नुहुनेनैछ।

१४. संघ र प्रदेश सरकारका बजेट कार्यक्रममा दोहोरोपना आएको स्थितिले एकातिर स्रोतको अपचलन हुने र अर्कोतिर अभाव हुने अवस्था नबनोस् भन्ने तर्फ सजग हुँदै प्रदेश सरकारहरुले बजेट तर्जुमा गर्दा संघीय सरकारको बजेट तथा कार्यक्रम बारे यथासमयमा जानकारी प्राप्त गरी बजेट विनियोजनमा दोहोरोपना नहुने गरी कार्यक्रम प्रस्ताव गर्ने अवस्था सुनिश्चित गर्नुहुनेछ। केन्द्रबाट प्रदेश र स्थानीय तहहरुमा जाने विशेष र समपूरक अनुदानको लागि कार्यक्रमहरु प्रस्ताव गर्दा पर्याप्त गृहकार्य गरेर मात्र आयोजना छनौट गर्नेतर्फ ध्यान दिनुहोला, छनौट भएका आयोजनाहरु कार्यान्वयन गर्न सकिने अवस्था नदेखिएको भन्दै आयोजनाहरु संशोधन गर्ने परिपाटीको अन्त्य गर्नुहोला।

१५. द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय रुपमा सम्पन्न भएका सन्धि सम्झौताहरुको कार्यान्वयनको अवस्थाको सन्दर्भमा सन्धि सम्झौतासँग सम्बन्धित मन्त्रालयहरुले सन्धि कार्यान्वयनको समग्र प्रगतिको बारेमा अनिवार्य प्रतिवेदन गर्ने संयन्त्रको व्यवस्था नहुँदा सन्धि सम्झौताहरुको कार्यान्वयनको अवस्था यकिन गर्न त्यस्ता सन्धि सम्झौतासँग सम्बन्धित

मन्त्रालयहरूले कार्यान्वयनको प्रगतिको विषय वार्षिक प्रगति प्रतिवेदनमा अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने व्यवस्था मिलाउनु होला ।

१६. कोभिड-१९ को महामारीले मुलुकको सम्पूर्ण क्षेत्रमा प्रभाव पारेको सन्दर्भमा सम्पूर्ण सरकार (Whole of the Government) र सम्पूर्ण समाज (Whole of the society) को सहभागितामा बहुक्षेत्रीय कार्ययोजना आवश्यक छ। राष्ट्रिय योजना आयोगले कोभिड बहुक्षेत्रीय प्रतिकार्य योजना (COVID-19 Multi-Sectoral Response Plan) का साथै त्यसका लागि श्रोतको पुनःप्रस्ताव र समयावधि अध्ययन गरिरहेको मलाई प्रतिवेदन छ। यसका आधारमा आउने दिनमा अगाडि बढ्नुपर्छ भन्ने मलाई लागेको छ ।

१७. नेपालको संविधान बमोजिम भूमिहीन दलितलाई एकपटक जमीन उपलब्ध गराउने मौलिक हक कार्यान्वयन गर्नको लागि दलित, पूर्वपश्चिम राजमार्गको छेउछाउमा बस्दै आएका भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबास व्यवस्थापनकालागि स्थानीय तह छनौटको मापदण्डलाई गरीब घरपरिवार पहिचान परिचयपत्र वितरण गर्ने कार्यक्रमसँग आबद्ध गरी दुबैलाई एकीकृतरुपमा प्रभावकारी कार्यान्वयन गर्नुहोला । यसै सन्दर्भमा बाँझो जग्गा व्यवस्थापन कार्यविधिको स्थानीय तहमा कसरी कार्यान्वयन भैरहेको छ, त्यसको नियमित अनुगमन गरी प्रतिवेदन गर्ने व्यवस्था मिलाउनुहोला ।

१८. विकास निर्माणका कामहरुमा भ्रष्टाचार र अनियमितता भएको र हुने सम्भावना उच्च भएका ठाउँहरुको निगरानी हुनुपर्छ। यदि निगरानी छैन र इमान्दारीका साथ काम भएको छैन भने त्यो कारबाहीको विषय बन्नुपर्छ। यी कुराहरूमा सचिवज्यूहरूले ध्यान दिनु एकदमै जरुरी छ। मन्त्रीज्यूहरूले पनि यो विषयलाई अत्यन्त मिहिन ढङ्गले हेर्नु हुनेछ।

१९. हामी यहाँ यस समितिको बैठकमा नेपाल सरकारको नीति तथा कार्यक्रम, बजेट र पन्ध्रौं योजनामा सम्पादन गर्ने वा सम्पन्न गर्ने भनेर जनतासामु गरेको प्रतिवद्धता बमोजिम काम भयो कि भएन, भैरहेको छ कि छैन, प्रक्रिया अगाडि बढ्यो कि बढेन भनेर छलफल गरी त्यस क्रममा लक्षित प्रगति हासिल गर्नको लागि कुनै समस्या, अवरोध आइपरेको भए राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगका अध्यक्ष र महालेखा परीक्षकबाट त्यसलाई सम्बोधन गर्ने विधि, प्रक्रिया, प्रविधि र प्रस्ताव बारेमा निर्णय गर्दछौं। जनमतको माध्यमबाट देश विकासको नेतृत्व लिने र समृद्ध नेपाल निर्माण गर्ने जनादेश लिएर पदमा बसेपछि विकास निर्माणका कार्यहरु समयमै सम्पन्न गरेर उपलब्धि हासिल गर्ने जिम्मेवारीबाट माननीय मन्त्रीज्यू र सचिवज्यूहरु कुनै पनि तर्क, शर्त र बहाना देखाएर पञ्छिनु हुनेछैन। न यस समितिका निर्णयहरुलाई पूर्णरुपमा कार्यान्वयन गर्ने जिम्मेवारीबाट भाग्न मिल्छ । प्रधानमन्त्री, माननीय उपप्रधानमन्त्री, सबै माननीय मन्त्री, मुख्यमन्त्री र सबै मन्त्रालयका

सचिवहरु समेत सम्मिलित यस बैठकको निर्णयहरुको वैधानिकतास्तर मन्त्रिपरिषदको बैठक भन्दा न्यून महत्वको हुन्छ भन्ने व्याख्या गरेर कार्यान्वयन नगरे पनि हुन्छ भनी हलुकाढङ्गले लिइरहेको अनुभव भएको छ। म आज यस समितिका पुराना निर्णयहरु किन कार्यान्वयन गर्नुभएन भनेर फेरी प्रश्न सोध्दिन । ती निर्णयहरू तपाईको आफ्नै सहभागितामा गरिएकाहुन। आफू प्रतिको प्रतिबद्धता पूरा गर्नु सार्वजनिक पद धारण गरेको व्यक्तिको पहिलो कर्तव्य हो। यस विषयमा आउने दिनमा अझ जिम्मेवार र जवाफदेही बन्नुहुन सबैलाई पुनःआग्रह गर्दछु ।

२०. राष्ट्रिय राजनीतिमा राजनीतिक दलहरु फुट्ने-जुटने, संसद विघटन हुने, निर्वाचन हुने जस्ता राजनीतिक विषयहरू भैरहन्छन्। त्यस्ता गतिविधिले राज्यको विकास निर्माणका कामहरू रोकिनु हुँदैन। भैरहवा र पोखराको विमानस्थल निर्माणको काम, मेलम्ची खानेपानी आयोजना सम्पन्न गरी पानी घरघरमा पुर्‍याउने काम, माथिल्लो तामाकोशीबाट बिजुली उत्पादन शुरु गर्ने काम, द्रुतमार्ग, रेलमार्ग र सुरुङ् मार्गहरुको अध्ययन तथा निर्माण गर्ने कार्यलाई निरन्तरता दिने विषयहरुलाई राजनीतिक क्षेत्रका आरोह अवरोहको कारणले कुनै अवरोध श्रृजना हुन दिनुहुँदैन।

२१. कोभिडको महामारीमा पनि विकास निर्माणको कामलाई निरन्तरता प्रदान गर्न सरकारले विभिन्न विकल्पहरु अघि सारेको थियो भने अब निर्वाचनको मिति घोषणा भयो, संसद विघटन गर्न गरेको निर्णयमा सर्वोच्च अदालतमा उजुरी पर्‍यो भन्दैमा बजेट, योजना र कार्यक्रम कार्यान्वयनका सरकार एवम् संसदबाट स्वीकृत कामहरू स्थायी सरकारले थाँती राखेर राजनीतिक गफगाफमा अल्झिने गैरजिम्मेवारीपना यहाँहरूबाट हुनेछैन। कुनै मन्त्रालय, विभाग अन्तर्गतका कार्यक्रमहरूमा यस्तो भएको छ, छैन पत्ता लगाउन भने राष्ट्रिय योजना आयोगले विषयगत मन्त्रालयहरूसँग मिलेर संयुक्तरूपमा अनुगमन तथा मूल्याङ्कनका कार्यहरुलाई सघन र तीव्र बनाई सबै विकास कार्यक्रमहरु तथा सबै आयोजना प्रमुखहरुको कार्यसम्पादनमा निगरानी बढाउनु पर्ने हुन्छ। आयोगले गर्ने अनुगमन, आन्तरिक मूल्याङ्कन र तेस्रो पक्ष मूल्यांकनको प्रतिवेदन उपर प्रधानमन्त्रीलाई पनि नियमितरुपमा प्रतिवेदन गर्ने प्रबन्ध मिलाउनुहोला। ती प्रतिवेदनको आधारमा सरकारले उच्चस्तरको कार्यसम्पादन दक्षता प्रदर्शन गर्ने प्रतिभावान अधिकारी/ आयोजना प्रमुखहरुलाई पुरस्कार र बढुवामा प्राथमिकता दिई सकारात्मकरुपमा प्रोत्साहन गर्नेछ भने कमजोर कार्यसम्पादन भए त्यसको कारण पत्ता लगाई निराकरण गर्न र काम नगरेको पाइएमा त्यस्तो अधिकारीलाई हतोत्साहित गर्न नकारात्मक उत्प्रेरणाका विभिन्न उपायहरु प्रयोग गर्नेछ भन्ने कुरा म यहाँ

उपस्थित सबै सचिवज्यूहरु मार्फत मातहतका सबै तहका कर्मचारीहरुसम्म संचार होस् भन्ने चाहन्छु ।

२२. राष्ट्रिय योजना आयोगका उपाध्यक्ष मसँग नियमित सम्पर्क, संचार, निर्देशन र समन्वयमा रहिरहनु भएको तथ्य माननीय मन्त्रीज्यूहरुको साथै यस बैठकमा उपस्थित सबै सहभागीलाई जानकारी गराउँदै विकास निर्माणसँग सम्बन्धित कुनै विषय मन्त्रिपरिषदबाट निर्णय गराउनु पर्ने, नियमहरू संशोधन गर्नुपर्ने, नयाँ नीति निर्माण गर्नुपर्ने वा विधेयक मस्यौदा गर्नुपर्ने भएमा आयोगका उपाध्यक्षसँग परामर्श तथा सहकार्य गरी अगाडि बढ्नु भएमा द्रुत निर्णय गर्न सरल र सहज हुनेछ।

२३. आयोगका उपाध्यक्षज्यूलाई पनि सबै विषयगत मन्त्रालयका माननीय मन्त्रीज्यू तथा सचिवज्यूहरुसँग र प्रदेशका मुख्यमन्त्रीज्यूहरुसँग नियमित सम्पर्क र संवादमा रहेर विकास कार्यक्रमहरुलाई नियमितरुपमा अगाडी बढाउन सक्रिय रहन र कुनै समस्या भए त्यसलाई सम्बोधन गर्ने विधि र प्रक्रियाको बारेमा मलाई साप्ताहिकरुपमा भेटेर अद्यावधिक गराई आवश्यक विश्वासलिन अनुरोध गर्दछु । आयोग प्रधानमन्त्रीको आफ्नै नेतृत्वमा रहेको कार्यालय हो। यसको कार्यसम्पादन र प्रभावकारितामा प्रधानमन्त्री कार्यसम्पादनको प्रभावकारिता पनि झल्कन्छ भन्ने कुरा मैले धेरै पटक भनिसकेको छु। त्यसैले, विकास मामिलाको समन्वय तथा सहजिकरणको नेतृत्व लिन आयोगका उपाध्यक्षलाई आग्रह र उत्प्रेरित गर्दछु र माननीय मन्त्रीज्यूहरुलाई यस विषयमा सहयोग गर्न अनुरोध गर्दछु । आयोगको कार्यसम्पादन सरकारको समग्र कार्यसम्पादन मानिनु पर्छ।

२४. यो समिति विकास आयोजना कार्यान्वयनको महत्वपूर्ण चक्रकै एउटा कडी हो । यो बेग्लै संरचना होइन । अबदेखि यसको उपसमितिको बैठक संचालन गर्दा अन्तरमन्त्रालय, मन्त्री-मन्त्री वा सचिव-सचिवबीच छलफल गर्ने र एक आपसबाटै बाधा अड्चन फुकाउने शैलीको समन्वय प्रणाली अवलम्बन गर्नुहोला। पूर्व निर्धारित समयमा कार्यसम्पन्न नभएर अलपत्र परेका रुग्ण आयोजनाहरुमा काम नगर्ने निर्माण व्यवसायीलाई सँधै छुट दिन सकिंदैन । यस सन्दर्भमा, सार्वजनिक खरिद अनुगमन कार्यालयले गरेको कारवाही अनुकरणीय छ। सार्वजनिक खरिद नियमावलीमा गरिएका पछिल्ला संशोधनका व्यवस्थाहरु कडाइका साथ कार्यान्वयन गरेर रुग्ण ठेक्काहरु एक वर्ष भित्र सम्पन्न गर्नुहोला ।

२५. अन्त्यमा, हामी एउटा विषम परिस्थितिबाट गुज्रिरहेको हुनाले यस अवसरमा खासगरी नवनियुक्त माननीय मन्त्रीज्यूहरूले साविकमा भन्दा फरक एवम् फराकिलो ढङ्गले आ-आफ्ना मन्त्रालयका सचिवज्यूहरूसँग उच्चस्तरको समन्वय र समझदारी कायम गरी मन्त्रालय प्रशासनको प्रभावकारिता बढाउनुपर्नेछ भने अर्कोतिर राजनीति र विकासका दुबै मोर्चामा विशेष रणनीति तथा विशेष तयारीका साथ अगाडि बढेर आमजनतामाझ सरकारको साख उच्च पार्न आफू र मातहतका सम्पूर्ण कर्मचारीको मनोबल उच्च गर्नुपर्नेछ। त्यसैले यस अभियानमा सक्रियताका साथ लागेर सफलता हासिल गर्नको लागि एकजुट हुन माननीय उपप्रधानमन्त्रीज्यू, माननीय मन्त्रीज्यूहरू, सचिवज्यूहरू एवम् यहाँ उपस्थित सबै अधिकारीहरू र सबै साथीहरूलाई शुभकामनाका साथै धन्यवाद भन्न चाहन्छु। आज यस बैठकको आयोजना गर्नुहुने र व्यवस्थापनमा खटिनुहुने राष्ट्रिय योजना आयोगका उपाध्यक्षज्यू, सदस्यज्यूहरू, सचिवज्यू र सम्पूर्ण कर्मचारीलाई धन्यवाद दिँदै मेरो भनाइ यहीँ अन्त्य गर्दछु।

धन्यवाद ।

## अनुसूची ११

## राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकले गरेका निर्णयहरूको कार्यान्वयन स्थिति

| सि.नं. | ४५ औं बैठकका निर्णयहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| १. | सडक विस्तार तथा स्तरोन्नति गर्ने सन्दर्भमा साविकमा सडकले चर्चेको क्षेत्रफललाई समेत समावेश गरी वा अलग गरी वातावरणीय संरक्षण नियमावलीमा भएको प्रावधानअनुसार IEE वा EIA के गर्ने भन्ने सम्बन्धी अन्यौलता भएकोले सडक विस्तार वा स्तरोन्नति गर्दा थप लिनुपर्ने वनको क्षेत्रफललाई मात्र आधार लिई IEE वा EIA गर्नुपर्ने । | **वन तथा वातावरण मन्त्रालय**<br>सडकको स्तरोन्नति गर्दा थप हुने वन क्षेत्रको क्षेत्रफल मात्र गणना गर्ने गरी वातावरण संरक्षण नियमावली, २०७७ मा व्यवस्था गरिएको । |
| २. | विद्युत् वितरण र टेलिफोन लाईनको लागि काठको पोल प्रयोग गर्ने व्यवस्था मिलाउन वन तथा वातावरण मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले आपसी समन्वय गर्ने र उपयुक्तता र उपलब्धताको आधारमा काठको पोल नै प्रयोग गर्नु पर्ने गरी नीतिगत निर्णय हुन वन तथा वातावरण मन्त्रालयले निर्णयको लागि नेपाल सरकार मन्त्रिपरिषद्मा पेश गर्ने । | **वन तथा वातावरण मन्त्रालय**<br>नेपाल वन निगममार्फत चालु आर्थिक वर्षमा २०००० पोल उत्पादन गर्ने लक्ष्य रहेकोमा सम्मानित सर्वोच्च अदालतको अन्तरिम आदेशले उत्पादन कार्य स्थगित भएको । |
| ३. | थानकोट-चापागाउँ-भक्तपुर १३२ केभी लगायत विद्युत् प्रसारण लाइनका लागि जग्गा प्राप्तिको समस्या हल गर्न चक्रपथ तथा राजमार्गको Right of Way समेत उपयोग गर्ने गरी सडक विभागसँग समन्वयात्मकरूपमा कार्य गर्न समन्वयका लागि पहल भएता पनि निर्णय भैनसक्दा समस्या यथावत रहेकोले विद्युत् प्रसारण लाइन निर्माणमा काठमाण्डौं चक्रपथ तथा राजमार्गको Right of Way समेत | **ऊर्जा,जलस्रोत तथा सिँचाइ मन्त्रालय**<br>सम्भाव्य स्थानमा RoW उपयोगका लागि समन्वय भैरहेको, चक्रपथको कोरिडोर उपयोग गर्न Re-alignment गर्नुपर्ने भएकोले समस्या समाधानको लागि अन्य विकल्पहरूको खोजी भैरहेको। |

| | | |
|---|---|---|
| | उपयोग गर्ने गरी नीतिगत व्यवस्था गर्न निणयका लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले नेपाल सरकार मं.प.मा प्रस्ताव पेश गर्ने । | |
| ४. | विद्युत् वितरण आयोजनाको समेत चुरे क्षेत्रमा EIA र अन्य क्षेत्रमा IEE गर्नु पर्ने प्रावधानका साथै वन क्षेत्र तथा निजी वा ऐलानी जग्गा प्राप्त गर्नुपर्ने हुँदा आयोजनाहरूको कार्यान्वयनमा ढिलाइ हुने भएकाले विकास आयोजनाको लागि गर्नु पर्ने कार्यविधिको प्रावधानलाई परिमार्जन गर्न वन तथा वातावरणमन्त्रालयले प्रक्रिया अघि बढाउने। | **वन तथा वातावरण मन्त्रालय**<br>वातावरण संरक्षण ऐन, २०७६ तथा नियमावली, २०७७ मा संवोधन गरिएको । |
| ५. | सामाजिक सुरक्षा, सामाजिक सहायता र सामाजिक संरक्षणको नीति एवम् कार्यक्रमहरू विभिन्न निकायहरूबाट कार्यान्वयन हुँदा दोहोरोपना देखिएकोले साधन स्रोतको उपयुक्त एवम् औचित्यपूर्ण उपयोग हुने गरी त्यस्तो दोहोरोपना हटाउन राष्ट्रिय योजना आयोगले एकीकृत संयन्त्र बनाई कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउने । | **राष्ट्रिय योजना आयोग**<br>राष्ट्रिय योजना आयोगका सदस्य डा. राम कुमार फुयाँलको संयोजकत्वमा समिति गठन भै उक्त समितिबाट तयार भएको सामाजिक सुरक्षा तथा संरक्षणसम्बन्धी एकीकृत संरचना रा.यो.आ. को बैठकबाट स्वीकृत भै सामाजिक सुरक्षा तथा संरक्षणसम्बन्धी एकीकृत राष्ट्रिय समाजिक सुरक्षा संरचना, २०७७ को प्रतिवेदन नेपाल सरकार मन्त्रिपरिषद्मा पेश गरिएको। |
| ६. | प्रदेश राजधानी र स्थानीय तहका प्रशासनिक केन्द्र तथा स्थानीय तहका वडा केन्द्रको भवन निर्माणका लागि कतिपय स्थानमा सरकारी, सार्वजनिक र वन क्षेत्रभित्र पर्ने जग्गा समेत आवश्यक पर्ने देखिएकोले वनको क्षेत्राधिकार भित्र पर्ने जग्गाको हकमा मापदण्ड अनुसारको जग्गा वन तथा वातावरण मन्त्रालयले र सरकारी र सार्वजनिक जग्गाको हकमा भूमि ब्यबस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालयले | **भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालय**<br>सरकारी जग्गा दर्ता तथा लिज कार्यनीति, २०७१ को संशोधन मस्यौदा तयार भएको । भूमि सम्बन्धी (आठौं संशोधन) ऐन, २०७६ मा दफा ५९(क) थप गरी सार्वजनिक प्रयोजनको लागि सार्वजनिक जग्गा उपलब्ध गराउने व्यवस्था गरिएको ।<br>**वन तथा वातावरण मन्त्रालय** |

| | | |
|---|---|---|
| | माग भएको ३ महिनाभित्र उपलब्ध गराउने। | वन ऐन, २०७६ को दफा ४२ बमोजिम दस्तावेज र प्रकृया सहित अनुरोध प्राप्त भएमा समयभित्रै प्रस्ताव लैजान सकिने प्रावधान रहेको । |
| ७. | सङ्घ, प्रदेश र स्थानीय तहको विकास नीति, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मुल्याङ्कन, तहगत समन्वय तथा प्रतिवेदनको लागि राष्ट्रिय ढाँचा नभएकोले राष्ट्रिय योजना आयोगका सदस्यको संयोजकत्वमा अर्थ मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सदस्य रहेको समितिले ३ (तीन) महिनाभित्र राष्ट्रिय ढाँचा तयार गरी प्रतिवेदन पेश गर्ने । | **राष्ट्रिय योजना आयोग**<br>समितिको निर्णयानुसार आयोगको अनुसन्धान तथा मूल्यांङ्कन महाशाखाका प्रमुखको संयोजकत्वमा गठित कार्यदलले विज्ञ परामर्श सेवामार्फत अध्ययन हुनुपर्ने भनी प्रतिवेदन पेश गरेको, सो अनुसार विज्ञ समूहबाट अध्ययन भै एकीकृत प्रतिवेदनको राष्ट्रिय स्वरूप, मापदण्डहरू र नमूना फारमहरूसहितको प्रतिवेदन प्राप्त भै सहजीकरण समितिको बैठकमा छलफलमा उठेका सुझावहरू समेत समावेश गरी विज्ञ समूहबाट प्रतिवेदन परिमार्जन गर्ने कार्य भइरहेको। |
| ८. | पूर्वाधार विकास आयोजनाहरूमा विभिन्न निकायहरूबाट ठेक्का सम्झौता भई कार्यान्वयन हुँदै आइरहेकोमा ठेक्का सम्झौताहरूमध्ये कुल १८४८ वटा ठेक्का सम्झौता अवधिभित्र सम्पन्न नभई रूग्ण रहेकोले त्यसको समस्या समाधान गर्न समयबद्ध कार्ययोजना बनाई क्रमागत आयोजनाको हकमा ठेक्का सम्झौताअनुसारको काम सम्पन्न गर्ने र न्यून कार्यसम्पादन भएका तथा पटक पटक म्याद थप गर्दा समेत कार्य प्रगति कम भएका आयोजनाको हकमा सार्वजनिक खरिद कानुन बमोजिमको प्रक्रिया सम्बन्धित मन्त्रालयले अगाडि बढाउने । | **भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय / ऊर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रालय**<br>सार्वजनिक खरिद नियमावलीको पछिल्लो संशोधनअनुसार आवश्यक विश्लेषण गरी कार्य प्रगति कम भएका ठेक्कामा कारवाही भइरहेको ।<br>**खानेपानी मन्त्रालय**<br>२ वटा ठेक्का सम्पन्न हुन बाँकी रहेका।<br>**गृह मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र शहरी विकास मन्त्रालय**<br>हाल कुनै पनि रुग्ण आयोजनाहरू नरहेको । |

| सि.नं. | ४६ औं बैठकका निर्णयहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| १. | सरकारबाट घोषणा भएको मकवानपुरको मयुरधाप औद्योगिक क्षेत्रस्थित चार किल्ला भित्रको जग्गा पर्सा राष्ट्रिय निकुञ्जको क्षेत्रभित्र पर्न गै वातावरणीय प्रभाव मूल्यन (EIA) को Scoping र TOR स्वीकृत नभए तापनि उक्त जग्गाको स्वामित्व औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको स्वामित्वमा आइसकेको सन्दर्भमा कार्यान्वयन गर्न कठिनाइ भएकाले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको नेतृत्वमा वन तथा वातावरण मन्त्रालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प्रतिनिधि समेतको सहभागितामा गठित समितिबाट एक महिना भित्र प्रतिवेदन प्राप्त गरी सो समेतका आधारमा स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषदमा प्रस्ताव पेश गर्ने। | **उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**<br>वातावरणीय प्रभाव मुल्याङ्कनको क्रममा वन तथा वातावरण मन्त्रालयबाट सो जग्गा राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र परेकोले औद्योगिक व्यवस्थापन कम्पनी लिमिटेडको नाममा दर्ता गर्न नमिल्ने भन्ने निर्णय भएकोले मालपोत कार्यालयबाट उक्त जग्गाको दर्ता बदरको कारबाही करिव टुङ्गिएको । उक्त जग्गा औद्योगिक व्यवस्थापन कम्पनी लिमिटेडलाई भोगाधिकार दिन वन तथा वातावरण मन्त्रालयसँग समन्वय गरिने ।<br>**वन तथा वातावरण मन्त्रालय**<br>मिति २०७७/०४/०९ गते उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले मयुरधापको उक्त जग्गा वदर गर्न भूमी व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयमा लेखी पठाइएको । |
| २. | जलविद्युतका जलाशययुक्त आयोजनाहरू निर्माण गर्दा उत्पन्न हुने डुवानले सडक, सिँचाई लगायत भौतिक पूर्वाधारका निर्माण कार्यहरूमा असर पार्नाले भैरहेका आयोजनाहरूमा क्षति पुग्नुका साथै Right of Way लगायतका विषयमा विवाद देखिएको सन्दर्भमा ऊर्जा, जलस्रोत तथा सिचाई मन्त्रालयले सम्बन्धित सरोकारवाला निकायहरूसँग समन्वय गरी यस सम्बन्धी राष्ट्रिय नीति र रणनीति, २०७६ पौष मसान्त भित्र तयार गरी नेपाल सरकार, मन्त्रिपरिषदमा स्वीकृतिका लागि पेश गर्ने । | **ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय,**<br>आयोजना विशेषका लागि संबन्धित निकायहरूसंग समन्वय भैरहेको । यससम्बन्धी राष्ट्रिय नीति तथा रणनीति तयारका लागि बिद्यमान अवस्था तथा योजनाहरूका सम्बन्धमा सबन्धित निकायहरूसंग समन्वय भैरहेको । |

| | | |
|---|---|---|
| ३. | चुरे फेदी तथा तराईमा जम्मा हुने ढुङगा, गिट्टी, बालुवा आदिको उपयोग तथा व्यवस्थापन हुन नसक्दा बाढी, डुवान तथा कटानको समस्या समेत बढ्नाले निर्माण सामग्रीको उपलब्धतामा कठिनाई भैरहेको हुँदानिर्माण सामग्रीहरूको सहज उपलब्धताका लागि जि.स.स. महा संघ, न.पा. संघ र गा.पा. संघ समेतको सहभागितामा संघीय मामिला तथा सामान्य प्रसाशन मन्त्रालयले सोको मापदण्ड सम्बन्धी प्रस्ताव नेपाल सरकार, मन्त्रिपरिषद्को स्वीकृतिका लागि पेश गर्ने एवम् सो बमोजिम प्रदेश तथा स्थानीय तहले सरलीकृत नीतिगत कानूनी व्यवस्था कार्यान्वयनमा ल्याउने । | **संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**<br>ढुङ्गा, गिटी, वालुवा उत्खनन विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ मन्त्रिपरिषदवाट मिति २०७७/०४/०५ मा स्वीकृत । |
| ४. | लामो समयदेखि संघले कार्यान्वयन गर्नुपर्ने अधूरा आयोजनाहरूको विवरण अद्यावधिक हुन नसकेको एवम् प्रदेशमा हस्तान्तरण भइसकेका सडक, सिँचाइ तथा खानेपानीका क्रमागत वा अधूरा आयोजना कार्यान्वयनका लागि आवश्यक रकम नपुग हुने देखिएकोले संङघीय मन्त्रालयहरूले तत् सम्बन्धी अद्यावधिक विवरण २०७६ साल कार्तिक महिनाभित्र अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग र सबै प्रदेशहरूमा समेत पठाउने र संघका विषयगत मन्त्रालय र सम्बन्धित प्रदेशले क्रमागत र अधूरा आयोजनाहरूको प्राथमिकीकरण गरी नपुग रकमको हकमा अर्थ मन्त्रालयसँग आवश्यक समन्वय गर्ने ।अर्थ मन्त्रालयले स्रोत उपलब्धताको अवस्था हेरी यस प्रकृतिका आयोजना सम्पन्न गर्न आवश्यक बजेटको व्यवस्था गर्ने । | **अर्थ मन्त्रालय**<br>मागबमोजिम आवश्यक रकम पठाइएको ।<br>**खानेपानी मन्त्रालय**<br>संघ अन्तर्गत सञ्चालित (आ.व ०६९/७० भन्दा अगाडि शुरू भएका) कूल ६२ वटा आयोजनाहरूको प्राथमिकताका साथ कार्यान्वयन गरिएको ।<br>**ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय**<br>संघ तथा प्रदेशमा हस्तान्तरित क्रमागत एवम् अधूरा योजनाहरूको प्राथमिकीकरण गरी योजना पुरा गर्नका लागि अध्यावधिक विवरण र आवश्यक रकम सहित अर्थ मन्त्रलायसंग समन्वय गर्ने कार्य भैरहेको ।<br>**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**<br>५८० वटा ठेक्काहरू प्रदेशमा हस्तान्तरण भैसकेका, ५८३वटा हस्तान्तरण हुन बाँकी, ती मध्ये केही ठेक्का लागेका सडकहरू पुनः सडक पूर्वाधार विकास कार्यक्रम र तराई मधेश सडक पूर्वाधार विशेष कार्यक्रममा समेत समावेश भएकोले चालु आ.ब. मा |

| | | |
|---|---|---|
| | साथै ती आयोजनाहरूको अद्यावधिक विवरण प्रदेशले सोझै र स्थानीय तहहरूले संङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत् सोही अवधिभित्र राष्ट्रिय योजना आयोगमा पठाउने । | टुङ्ग्याउने गरी थप बजेट व्यवस्था गर्न पहल भएको साथै हस्तान्तरण हुन बाँकी ठेक्काको हकमा थप विवरण अद्यावधिक भईरहेको । |
| ५. | पञ्चवर्षीय पुनर्निर्माण तथा पुर्नस्थापना योजना (PDR) मा परेका तर सरकारका सम्बन्धित मन्त्रालय र निकायबाट नियमित कार्यक्रम अन्तर्गत पुनर्निर्माण गर्नुपर्ने खानेपानी, सडक, सिँचाइ, स्थानीय तहका भवन, सुरक्षा निकायका भवन लगायतका संरचनाहरूको पुनर्निर्माण कार्य एवम् जोखिमयुक्त बस्तीहरूको संरक्षणको लागि आवश्यक बजेटको व्यवस्था नभएकाले सम्बन्धित संङघीय मन्त्रालयले अर्थ मन्त्रालय, प्रदेश र स्थानीय तहसँग आवश्यक समन्वय र सहकार्य गरी पुनर्निर्माण सम्बन्धी कार्य आगामी एक वर्ष भित्र सम्पन्न गर्ने । | **अर्थ मन्त्रालय**<br>मागबमोजिम आवश्यक रकम पठाइएको ।<br>**खानेपानी मन्त्रालय**<br>क्रमागत ९८ वटा आयोजनाहरू मध्ये २१ वटा आयोजना सम्पन्न भएको र बाँकी आयोजनाहरूको निर्माण कार्य आ.व. ०७७/७८ मा सम्पन्न हुने ।<br>**पुनर्निर्माण आयोजना**<br>प्राधिकरणबाट DPR तयार भएका सडकहरू सम्बन्धित प्रदेश सरकारहरूलाई हस्तान्तरण गरिएको ।<br>क्षतिग्रष्त खानेपानीका आयोजनाहरू खानेपानी विभागबाट नै गर्ने गरी हस्तान्तरण गरिएको ।<br>नेपाल प्रहरी र नेपाली सेनातर्फका पुनर्निर्माण गर्न बाँकी भवनहरू सम्बन्धित निकायबाट नै पुनर्निर्माण गरिने ।<br>**रक्षा मन्त्रालय**<br>पुनर्निर्माण गर्नुपर्ने नेपाली सेनाका २१० वटा भौतिक संरचनाहरूमध्ये पुनर्निर्माण गर्न बाँकी १३९ वटा भौतिक संरचनाहरू निर्माणको लागि आ.व. २०७६/७७ (पहिलो प्राथमिकता मा ७८ वटा भौतिक संरचनाहरू निर्माण गर्न र आगामी आ.व.२०७७/७८ मा (दोस्रो प्राथमिकता मा निर्माण हुने भौतिक संरचना ६१ वटाको बजेट व्यवस्था गरिदिन नेपाली सेनाबाट अनुरोध भई आएको । |
| ६. | जग्गा अधिग्रहण तथा मुआब्जा निर्धारण कार्यमा स्थानीयस्तरमा सधैं विवाद भइरहने तथा जग्गा प्राप्तिसम्बन्धी आयोजना पिच्छे | **भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**<br>एकीकृत राष्ट्रिय नीति, २०७६ को मस्यौदा तयार भएको । |

| | | |
|---|---|---|
| | फाइलहरू मन्त्रीपरिषदमा लैजानु पर्ने एवम् विभिन्न प्रकृतिका अतिक्रमित ऐलानी तथा पर्ति जग्गा समेतको प्राप्तिका सम्बन्धमा स्पष्ट आधार, मापदण्ड र नीति नभएकाले जग्गा प्राप्तिमा समस्या तथा ढिलाइ हुने गरेको हुँदा गृह मन्त्रालयले सरोकारवाला निकायसँगको समन्वयमा उचित मूल्यलाई आधार लिई ऐलानी तथा पर्ति जग्गाको हकमा मुआव्जा प्राप्त नहुने गरी जग्गा अधिग्रहण तथा मुआव्जा निर्धारणसम्बन्धी एकीकृत राष्ट्रिय नीति, २०७६ पौष महिना भित्र तयार गरी स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषदमा पेश गर्ने । | |
| ७. | केन्द्रीय आयोजनाको रूपमा रहेको विराटनगर—धरान ६ लेन सडक निर्माणमा ढिलाइ भएको र निर्माण सम्पन्न भएका ठाउँमा समेत विद्युत पोलहरू सार्नमा ढिलाइ भएकोले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले तीन महिनाभित्र सो कार्य सम्पन्न हुने गरी आयोजना कार्यान्वयनमा सहजीकरण गर्ने। | **उर्जा जलश्रोत तथा सिंचाई/ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**<br>क्रमशः कार्यान्वयन भइरहेको । |
| ८. | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान अन्तर्गतका प्रशिक्षण केन्द्रहरू प्रदेशलाई हस्तान्तरण भै नसकेको तर प्रदेश सरकारले बजेट छुट्याइ सकेको भएपनि सञ्चालनमा ल्याउन कठिनाई भएको हुँदा संङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले हस्तान्तरणसम्बन्धी सो कार्य दुई महिनाभित्र सम्पन्न गर्ने व्यवस्था मिलाउने । | **संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**<br>स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान अन्तर्गतका प्रशिक्षण केन्द्रहरू प्रदेशलाई हस्तान्तरण गरी सञ्चालन गर्न स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान अन्तर्गतका प्रशिक्षण केन्द्र हस्तान्तरण तथा व्यवस्थापन नियमावली, २०७६ तयार गरी स्वीकृतिको लागि नेपाल सरकार मं.प.मा मिति २०७६/०६/१० गते प्रस्ताव पठाईएको । |

| सि.नं. | ४७ औं बैठकका निर्णयहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| १. | संयुक्त राष्ट्र संघ लगायतका अन्तर सरकारी तथा अन्तर्राष्ट्रिय संघ संगठनहरूमा नेपालको प्रतिनिधिका रूपमा विदेशस्थित सभा सम्मेलन आदिमा सम्बन्धित मन्त्रालयबाट मात्रै प्रतिनिधित्व हुने र प्रभावकारी समन्वयको अभावले समग्र रूपमा नियोग प्रमुख र नियोगहरूको भूमिका छायाँमा परी ती सभा सम्मेलनमा प्रतिनिधित्व समेत हुन नसक्दा अन्तरसरकारी निकाय तथा संघ संगठनले गर्ने क्रियाकलाप, छलफल, नयाँ एजेन्डा आदिको Follow-up गर्न, बैदेशिक सहायता जुटाउन गर्नुपर्ने भेटघाट र सम्पर्क समेत प्रभावकारी हुन कठिनाइ भैरहेको सन्दर्भमा परराष्ट्र मन्त्रालयले २ महिनाभित्र आवश्यक राष्ट्रिय ढाँचा तयार गरी स्वीकृतिका लागि मं.प. मा प्रस्ताव पेश गर्ने । | **परराष्ट्र मन्त्रालय**<br>राष्ट्रिय ढाँचाको मस्यौदा तयार भई कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको रायका लागि पठाईएको । |
| २. | यही २-४ अप्रिल, २०२० मा काठमाडौंमा "Climate Change, Mountains and the Future of Humanity" शीर्षकमा आयोजना गरिने सगरमाथा संवादको पहिलो संस्करण राष्ट्रिय महत्वको Mega Event लाई सफलतापूर्वक सम्पन्न गर्न सबै मन्त्रालय एवम् निकायहरूको सहयोग र समन्वय आवश्यक पर्ने भएकोले परराष्ट्र मन्त्रालय र सगरमाथा संवाद सचिवालयसंगको समन्वयमा सबै निकायले आ-आफ्नो जिम्मेवारी अनुरूप कार्य अगाडि बढाउने । | **परराष्ट्र मन्त्रालय**<br>सगरमाथा संवादको सम्पूर्ण तयारी अन्तिम चरणमा पुगेको अवस्थामा संवाद कोभिड-१९ को कारण मिति २०७६ फागुन १८ मा नेपाल सरकारको निर्णयानुसार स्थगन भएको । |
| ३. | समृद्ध नेपालः सुखी नेपालीको राष्ट्रिय आकांङ्क्षा पूरा गर्न गत वर्ष नेपालमा सम्पन्न | **राष्ट्रिय योजना आयोग** |

| | | |
|---|---|---|
| | लगानी सम्मेलनमा मित्रराष्ट्रहरूबाट व्यक्त लगानीको प्रतिवद्धता समेतलाई Follow-up गर्ने र वैदेशिक लगानी आकर्षण गर्ने प्रयोजनका लागि राष्ट्रिय योजना आयोगको आर्थिक क्षेत्र हेर्ने मा.सदस्यको संयोजकत्वमा सरोकारवाला अन्य निकायका पदाधिकारीहरू समेत सम्मिलित एक संयन्त्र गठन गरी ४ महिनाभित्र एकीकृत अवधारणा तयार गर्ने । | आयोगका सदस्य डा. रामकुमार फुँयालको संयोजकत्वमा १३ सदस्यीय समिति गठन भएको र थप अध्ययन गर्न विषयविज्ञ राख्ने निर्णय भएबमोजिम बिज्ञबाट तयार भएको अध्ययन प्रतिवेदन छलफलको क्रममा रहेको ।<br>औद्योगिक संरक्षणसम्बन्धी प्रतिवेदन २ महिनाभित्र पेश गर्ने गरी सम्बन्धित महाशाखाले अवधारणा पत्र तयार गर्ने निर्णय अनुसार आयोगका सदस्य डा. रामकुमार फुँयालको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन भई आवश्यकता अनुसार विषय विज्ञको सहयोग लिनसक्ने गरी TOR तयार भएको ।<br>दुवै अध्ययन कार्य आ.व.२०७७/७८ मा सम्पन्न गर्ने गरी वार्षिक कार्ययोजनामा समावेश गरिएको |
| ४. | सिँचाइ लगायत अन्य व्यवसायहरू जस्तै: बाली, तरकारी, फलफूल आदिको व्यावसायिक उत्पादनमा प्रयोग हुने विद्युत् महसुलमा ५० प्रतिशत अनुदान रहेको तर नेपाल विद्युत प्राधिकरणले मत्स्यपालनलाई उद्योग सरहको समूहमा राखी अनुदान उपलब्ध नगराउँदा माछा उद्यमी तथा व्यवसायीहरूको उत्पादन लागत बढ्न गई व्यावसायिक उत्पादनमा कठिनाई परेकोले मत्स्यपालन व्यवसायलाई प्रोत्साहन गर्न कृषि तथा पशुपछी विकास मन्त्रालयले अर्थ मन्त्रालयसँग आवश्यक समन्वय गरी अनुदानसम्बन्धी कार्यविधि संसोधन लगायतका प्रकृयाहरू एक महिनाभित्र टुङ्ग्याउने। | **कृषि तथा पशुपंछी विकास मन्त्रालयले**<br>कृषि तथा पशुपन्छी विकास कार्यक्रमको अनुदानसम्बन्धी निर्देशिका, २०७७ को मस्यौदामा यस विषयलाई समावेश गरिएको र उक्त निर्देशिका अर्थ मन्त्रालयमा छलफलको क्रममा रहेको । |
| ५. | प्रदेश सरकारको स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम विभिन्न विकास निर्माणका आयोजनाका लागि आवश्यक पर्ने जग्गा नेपाल सरकारको नाममा रहेकोले विकास | **भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**<br>प्रदेश सरकारसँग छलफल गरिएको ।<br>सरकारी जग्गा दर्ता तथा लिज कार्यनीति २०७१ मा |

| | | |
|---|---|---|
| | निर्माणका आयोजनाहरूलाई तीव्र गतिमा कार्यान्वयन गर्न प्रदेश सरकारको निर्णयबमोजिम प्रादेशिक कार्यालय र विकास आयोजना कार्यान्वयन गर्न द्विविधा र कठिनाइ भएको देखिंदा नेपाल सरकारको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले प्रदेश सरकारहरूसँग आवश्यक समन्वय गरी विद्यमान कार्यनीतिमा समयानुकूल संसोधन गर्ने प्रयोजनका लागि एक महिना भित्र मं.प.मा प्रस्ताव पेश गर्ने। | समायनुकुल परिमार्जनको लागि मस्यौदा तयार भएको । |
| ६. | व्यवस्थापन हुन नसक्दा पूर्वाधार विकास र निजी क्षेत्रको निर्माण सामग्रीको आवश्यकता पूर्ति गर्न कठिनाइ भइरहेको सन्दर्भमा एउटा स्पष्ट र उपयुक्त मापदण्ड तयार गर्न संघीय मामिला तथा सामान्य मन्त्रालयलाई राष्ट्रिय विकास समस्या समाधान समितिको ४६ औं बैठकबाट निर्देशन भएकोमा हालसम्म सो बमोजिम नभएकोले उक्त मन्त्रालयले उक्तानुसार १५ दिन भित्र मं.प. मा प्रस्ताव पेश गर्ने । | **संघीय मामिला तथा सामान्य मन्त्रालय**<br>ढुङ्गा, गिटी, वालुवा उत्खनन विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ मन्त्रिपरिष्दवाट मिति २०७७/०४/०५ मा स्वीकृत<br>**ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय,**<br>मापदण्ड तयार भै म.प. बाट मिति २०७७/४/५ मा स्वीकृत । |
| ७. | तीव्र रूपमा गर्नुपर्ने पूर्वाधार विकास र निजी क्षेत्रको निर्माण सामग्रीको आवश्यकता पूर्ति गर्न एकातिर चुलिंदो समस्या देखिएको छ भने अर्कोतिर देशको विभिन्न क्षेत्रमा प्राकृतिक स्रोतको रूपमा रहेका ढुङ्गा र बालुवा खानीको पहिचान, विकास र उत्खनन् हुन नसकेको सन्दर्भमा एउटा ठोस नीति बनाई कार्यान्वयन गर्न अत्यावश्यक भएकाले राष्ट्रिय योजना आयोगका मा.सदस्यको संयोजकत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, उद्योग, वाणिज्य तथा आपूर्ति, भूमि व्यवस्था, सहकारी तथा | **राष्ट्रिय योजना आयोग**<br>ढुङ्गा, गिट्टी र वालुवाको पहिचान, विकास र उत्खनन सम्बन्धी नीति, २०७७ को मस्यौदा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको । |

| | | |
|---|---|---|
| | गरिवी निवारण, वन तथा वातावरण, गृह एवम् अर्थ मन्त्रालय समेतका सचिवहरू सम्मिलित कार्यक्षेत्र र कार्यदिशसहितको एक उच्चस्तरीय समिति गठन गर्ने र सो समितिबाट एउटा उपयुक्त राष्ट्रिय नीति चार महिनाभित्र तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मं.प.मा प्रस्ताव पेश गर्ने । | |
| ८. | जग्गा अधिग्रहण तथा मुआब्जा निर्धारण कार्यमा स्थानीयस्तरमा सधै विवाद भैरहने तथा जग्गा प्राप्तिसम्बन्धी आयोजना पिच्छे फाइलहरू मन्त्रिपरिषदमा लैजानु पर्ने एवम् विभिन्न प्रकृतिका अतिक्रमित ऐलानी तथा पर्ति जग्गा समेतको प्राप्तिका सम्बन्धमा स्पष्ट आधार, मापदण्ड र नीति नभएकाले जग्गा प्राप्तिमा समस्या तथा ढिलाइ हुने हुँदा सरोकारवाला निकायसँगको समन्वयमा उचित मूल्यलाई आधार लिई ऐलानी तथा पर्ति जग्गाको हकमा मुआव्जा प्राप्त नहुने गरी जग्गा अधिग्रहण तथा मुआव्जा निर्धारणसम्बन्धी एकीकृत राष्ट्रिय नीति, २०७६ पौष महिनाभित्र तयार गरी स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषदमा पेश गर्न गृह मन्त्रालयलाई राष्ट्रिय विकास समस्या समाधान समितिको ४६औं बैठकबाट निर्देशन भएको ।<br>जग्गा अधिग्रहण तथा मुआव्जा निर्धारण सम्बन्धमा भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयबाट मुआव्जा क्षतिपूर्ति र राहतसम्बन्धी मार्गदर्शन, २०७६ | **राष्ट्रिय योजना आयोग**<br>आयोगका सदस्य डा. दिल बहादुर गुरुङ्गको संयोजकत्वमा गठन भएको समितिले जग्गा अधिग्रहण तथा मुआब्जा निर्धारण सम्बन्धी एकीकृत राष्ट्रिय नीति को मस्यौदा तयार गरी राष्ट्रिय योजना आयोगमा पेश भएको ।<br>**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**<br>जग्गा अधिग्रहण तथा मुआब्जा निर्धारण सम्बन्धी एकीकृत राष्ट्रिय नीति को मस्यौदा तयार गरी राष्ट्रिय योजना आयोगमा पेश भएको। |

| | | |
|---|---|---|
| | का साथै एकीकृत भूमि तथा जग्गा प्राप्ति ऐनको मस्यौदा तयार भै छलफलमा रहेको।<br>यस सन्दर्भमा गृह मन्त्रालयबाट तयार पारिएको बुँदाहरूलाई एकीकृत राष्ट्रिय नीति, २०७६ मा समावेश गर्ने गरी राष्ट्रिय योजना आयोगबाट समन्वय र एकीकरण हुन अनुरोध भै आएको हुँदा सहजीकरण गर्न योजना आयोगका सम्बन्धित सदस्यको संयोजकत्वमा सरोकारवाला निकायका सहसचिवस्तरका पदाधिकारीहरू सम्मिलित समिति गठन गरी सो समितिले ३ महिनाभित्र उपयुक्त एकीकृत राष्ट्रिय नीति तयार गरी प्रतिवेदन पेश गर्ने। | |

# अनुसूची १२

## राष्ट्रिय समस्या समाधान समितिबाट सम्बोधन हुन प्रदेशबाट प्राप्त समस्याहरू

### प्रदेश नं १

- स्थानीय पूर्वाधार विकास कार्यक्रमहरूमा केन्द्रबाटै खटनपटन हुने गरेका कारण प्रदेशबाट अनुगमन/ सुपरिवेक्षण गर्न द्विविधा रहेको।
- प्रदेश सरकारलाई आवश्यक पर्ने स्रोत साधन आपूर्तिका लागि प्रदेश सरकार जमानत बसेर ऋण/ सहयोग लिने वा overdraft सम्बन्धमा प्रष्ट अधिकार उल्लेख नभएको।
- समपूरक अनुदान रकमको खर्च सम्बन्धमा control mechanism clear हुनुपर्ने।
- संङघीय कानूनका अधिनमा प्रदेश अन्तर्गत बन्नुपर्ने कानून निर्माणमा ढिलाइ हुन गएको।
- कार्यसम्पादनका लागि कर्मचारी (विशेष गरी प्राविधिक) को कमी रहेको।
- पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगबाट विज्ञापन गर्नुपूर्व केन्द्र (संङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा विषयगत अन्य मन्त्रालय) सँग समन्वय गरेर मात्र गर्न भनिएकोले द्विविधा भएको।
- विकास आयोजनाहरू प्रदेश/ स्थानीय तहको माग/आवश्यकताभन्दा केन्द्रबाट पठाउने गरिएको (Demand driven Vs. Supply driven)
- सार्वजनिक एवम सरकारी जग्गाको सदुपयोग सम्बन्धमा प्रदेश सरकारको भूमिका स्पष्टसँग किटान गरिनुपर्ने।
- सुकुम्बासी समस्या समाधान आगोगमा प्रदेशबाट मनोनयन भएको पदाधिकारीलाई दिने सुविधा सम्बन्धमा कानूनमा र मौखिक निर्देशनमा द्विविधा भएको।
- प्रदेश र स्थानीय तहबीचको linkage Mechanism थप स्पस्ट हुनुपर्ने।

### प्रदेश नं. २

- प्रदेश सरकारका लागि स्वीकृत न्यून पूर्ति भएको अवस्था, दक्ष कर्मचारी संघबाट काज वा समायोजन संसोधन गरी पठाउनु पर्ने;

- प्रदेशले कानून बनाउदा संघीय ऐनसँग नबाँझिने गरी बनाउनु पर्ने हुँदा संङघीय सरकारले कानून निर्माणलाई प्राथमिकता दिनुपर्ने;
- प्रदेश सरकारका गौरवका योजनाहरूमा विशेष र समपूरक अनुदानको रकममा उल्लेखनीय वृद्दि हुनुपर्ने;
- संघले स्थानीय तहमा सशर्त, विशेष र समपुरक अनुदान उपलब्ध गराएको आयोजनाहरूको जानकारी नहुदा प्रदेशबाट समेत विशेष र समपुरक अनुदान जान सक्ने अवस्था देखिएकोले दोहोरोपना हटाउन समन्वय र सूचना प्रणाली प्रभावकारी बनाउनुपर्ने;
- संङघीय सरकारबाट साना साना आयोजनामा पनि लगानी हुने गरेकोले दोहोरापना हटाउन प्रदेशस्तरका ठुला आयोजनामा मात्र लगानी गर्नु पर्ने र साना आयोजना प्रदेशलाई नै दिनुपर्ने;
- संघबाट प्रदेशमा हस्तान्तरण भएका कतिपय क्रमागत योजनाहरूमा विनियोजन हुन छुट भएको र कतिपय योजनामा अत्यन्तै न्यून बजेट विनियोजन भएकोले पर्याप्त रकम बिनियोजन हुनुपर्ने;
- वार्षिक कार्यक्रम संगै समपुरक बजेट विनियोजन नहुँदा कार्यक्रममा अन्योलता देखिएकोले सबै किसिमको बजेट एकै पटक विनियोजन हुनुपर्ने ।
- राजश्व वाडँफाँट गर्दा मानव विकास सूचकाङ्कलाई उल्लेखनीय भार दिनुपर्ने;

**बागमती प्रदेश**

- सङ्घीय कानून निर्माण नभएको कारणबाट प्रदेश कानून निर्माण गर्न कठिनाइ भई कर्मचारी व्यवस्थापन लगायतका कार्यमा कठीनाई परेको ।
- समय समयमा LMBIS मा भएको बजेटको अध्यावधिक प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयमा हुनु पर्ने ।
- नेपाल सरकारबाट हस्तान्तरण भई प्रदेश सरकारमा प्राप्त भएका आयोजनाहरूलाई पर्याप्त बजेटको व्यवस्थापन हुनु पर्ने ।

**गण्डकी प्रदेश**

**विकास आयोजना र कार्यक्रम सहज रूपमा कार्यान्वयका लागि रा.वि.स.स. ले लिनु नीतिगत निर्णय**

- आयोजना वर्गीकरण गरी कुन तहले कुन स्केलको आयोजना कार्यन्वयन गर्ने हो स्पष्ट हुनुपर्ने।

- नेपाल सरकारले प्रदेशमा संञ्चालन गर्ने आयोजना कार्यन्वयनको जिम्मा प्रदेश सरकारलाई दिने व्यवस्था गर्ने।

**राष्ट्रिय विकास समस्या समाधान समितिमा अनुरोध गर्नुपर्ने समस्याहरू**

- प्रदेशलाई हस्तान्तरण भएका आयोजना सम्पन्न गर्न स्रोत सुनिश्चितता हुनुपर्ने,
- साझा अधिकारका विषयमा कानूनमा स्पष्टता हुनुपर्ने,(भूमि, सडक, वन सम्बद्ध ऐन लगायत)
- संघीय निजामती सेवा सम्बन्धी ऐन समयमै आउनुपर्ने,
- संघ, प्रदेश र स्थानीय तहमा सञ्चालन हुने विकास आयोजनाको वर्गीकरण हुनुपर्ने,
- प्रदेश र स्थानीय तहका विकास आयोजना सञ्चालन गर्न लागि चाहिने जग्गा प्राप्तिको प्रक्रिया सरल हुनुपर्ने,
- ग्राहकलाई उपलब्ध गराउने सौर्य ऊर्जाको NET METERING को दर रेट स्पष्ट हुनुपर्ने,
- प्रदेश र स्थानीय तहमा कर्मचारीको कमी भएको,
- संङघीय ऐन निर्माण गर्दा प्रदेशको क्षेत्राधिकारलाई ध्यान दिनुपर्ने,
- हिमाली जिल्लामा आर्थिक वर्षको अलग्गै व्यवस्था हुनुपर्ने,
- संङघीय कार्यालयहरू खोल्ने क्रम बढ्दै गएकोले काममा दोहोरोपना देखिएको,
- यातायात कार्यालयको VRS/DLRS सफ्टवेयर  प्रदेशलाई हस्तान्तरण हुनुपर्ने,
- स्मार्ट लाइसेन्स छपाइको काम प्रदेशबाट हुनुपर्ने,
- नेपाल सरकारले मिति २०७७-०२-१५ गते गठन गरेको उच्चस्तरीय छानविन समितिको सुझाव कार्यान्वयन गर्दा वैज्ञानिक वन व्यवस्थापन, काठ दाउराको विक्री वितरण र राजश्व सङ्कलनमा सहजता हुनुपर्ने,
- राष्ट्रिय वन, प्रदेश सरकारको एकल अधिकार भएको तर वन ऐन, २०७६ को दफा ६२(२) मा एक वर्ष भन्दा बढी सजाय हुने मुद्दाको अनुसन्धान अधिकारी नेपाल सरकारले तोक्ने प्रावधानले गर्दा वन सम्बन्धी मुद्दा अनुसन्धान र अभियोजन गर्न कठिन भएको,
- प्रदेश प्रहरी हस्तान्तरण हुनुपर्ने,

- प्रदेशमा प्रहरी तालिम केन्द्र निर्माण गर्न आवश्यक बजेट नेपाल सरकारले उपलब्ध गराउनु पर्ने,
- संविधानको अनुसूची ६ बमोजिमको प्रदेशको एकल अधिकार रहेको प्रदेशस्तरको सिँचाइ प्रणाली र अनुसूची ९ अन्तर्गत रहेको साझा अधिकारको सूचीमा पर्ने जल उपयोगको सम्बन्धमा संङघीय सरकारले एक्लै निर्णय गर्न सक्ने व्यवस्था परिमार्जन हुनुपर्ने,
- आयोजना स्थलमा परेर उपयोग नभएका तर तिरो तिरी राख्नुपर्ने अवस्थाको अन्त्य गर्न डिजिटल सिस्टम मार्फत सूचना अद्यावधिक गरी लगत कट्टा गर्ने व्यवस्था मिलाउनु पर्ने।

**लुम्बिनी प्रदेश**

**राष्ट्रिय विकास समस्या समाधान समितिमा पेश / प्रस्तुत गरिएका विषयहरू**

१. संङघीय अनुदानमा सञ्चालन हुने आयोजनाको छनोटमा प्रदेश सरकारको संलग्नता नहुने अवस्था रहेको।

२. साना साना आयोजनाहरू (खानेपानी क्षेत्रमा) ठूलो संङख्यामा आउने, आयोजनामा दोहोरो पर्ने र पुँजिगत खर्च भन्दा व्यवस्थापकीय र तयारी कार्यमा चालु लागत बढी हुन गई आयोजनाहरू प्रभावित हुने गरको।

३. बहुवर्षीय प्रकृतिका आयोजनामा एक वर्षको लागि बजेट आउने तर प्रदेशबाट बहुवर्षीय गर्नुपर्दा समपूरकको मर्म आत्मसात नहुने(जस्तैः रुकुम पूर्व अस्पतालको लागि आएको बजेट बहुवर्षीय नभएको)

४. सुनछहरी र सत्यवतीको विशेष अनुदान आएको र त्यसैअनुरूपका कामहरू तय गरिएको तर आव २०७६-७७ मा सम्पन्न नहुँदा प्रदेशको कोषबाट निरन्तरता दिनु परेको र थप बजेट माग गरिएकोमा हालसम्म प्राप्त भइनसकेको ।

५. खानेपानीका मूलहरू सुक्दै गएको र लिफ्ट प्रविधिलाई निर्विकल्प उपाय ठानी आकर्षण बढेको। तर यो प्रविधि सचालन गर्न महँगो हुने, जटिल तथा विद्युत् आपूर्तिमा निर्भर रहनुपर्ने हुँदा दिगो उपायको खोजी गरिनुपर्ने

६. नदी नियन्त्रण एवम् नदी उकास जमिन व्यवस्थापन कार्य साना साना आयोजना र एकाइमार्फत हुने गर्दा लागत बढी लाग्ने एवम् एकीकृत योजनाको अभावमा नदी नियन्त्रण कार्य अपेक्षित प्रभावकारी हुन नसकेको ।

७. कर्णाली नदीले वर्षेनी १८ करोड टन सेडीमेन्ट बनाउने गरेको यथार्थ र यस्तै थुप्रै सामग्री बर्दिया क्षेत्रमा जम्मा गर्ने गरेकोमा यस्तो नवीकरणीय स्रोत निकुञ्ज भएकै कारण निकाल्न नपाइने प्रावधानले स्थानीय पर्यावरण जोगाउने भन्दा पनि विनाशमा बल पुग्ने स्थिति विद्यमान छ। बर्दियाको राजापुर लगायत क्षेत्रमा भङगाला बढ्दै गरेको, जमिन जोखिममा परेको, ठुला पुलहरू रहेको भाग बगर बन्ने र पानीको बहाव दायाँवायाँ जाने जोखिम तथा निकुञ्ज क्षेत्रका वन्यजन्तु पानी खान समेत गाह्रो पर्दै जान थालेको ।

८. चुरे तथा नदीको अत्यधिक दोहन तथा बढ्दो विकास निर्माणको कार्यले गर्दा निर्माण सामग्री अभाव हुने गरेको र महत्वपूर्ण आयोजनाहरूको काम,लागत र अपेक्षित समय नै प्रभावित हुने गरेको।

९. निकुञ्जमा मध्यवर्ती क्षेत्रमा बाघको आक्रमणबाट मानिसको मृत्युसमेत हुने गरेको साथै प्रदेश अन्तर्गतका ग्रामीण बस्तीहरूमा बाँदर र बँनेलका कारण बाली संरक्षणमा निकै चुनौती भइ बसाइसराई गर्नु पर्ने स्थिति उत्पन्न भएको ।

१०. औद्योगिक क्षेत्रहरू र औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयहरू प्रदेशमै हस्तान्तरण, सञ्चालन र व्यवस्थापन हुन नसक्दा प्रदेशको औद्योगिक क्षेत्र विकास हुन नसकेको ।

११. प्रदेश स्थित यातायात व्यवस्था कार्यालयमा राजस्व असुली, सवारी चालक अनुमति पत्र जारी गर्ने प्रणाली र सफ्टवेयर हस्तान्तरण नभएकोले कार्यसम्पादनमा कठिनाइ रहेको ।

१२. प्रशासनिक संघीयकरण बमोजिम संङघीय निजामती सेवा ऐनमा समयानुकूल परिमार्जन नहुँदा प्रदेशमा समायोजन भइ आएका कर्मचारीको सेवा शर्त र अन्य प्रशासनसम्बन्धी कानून निर्माण गरी प्रशासनिक संङक्रमणकालको अन्त्य हुन नसकेको ।

१३. प्रदेशको शान्ति सुरक्षा र प्रहरी प्रशासन व्यवस्थापनमा संघीय एकाइ र प्रदेशबीचको सम्बन्ध कानूनी रूपमा परिभाषित

**कर्णाली प्रदेश**

प्रदेशमा विकास कार्यक्रम तथा आयोजना सचालन तथा व्यवस्थापनमा देखिएका समस्याहरू

- जनशक्तिको अभावका कारण वार्षिक बजेट अनुसार खर्च गर्न नसकिएको ।
- भौगोलिक विकटता तथा कठिनाइका कारण साविक कर्णाली अञ्चलका जिल्लाहरूमा बार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनमा समस्या रहेको ।

- राजनीतिक नियुक्तिका पदहरू (मुख्यमन्त्री, मन्त्रीले नियुक्त गर्ने पदाधिकारी)को योग्यता तथा सेवा सुविधा तोक्ने विषयमा स्पष्ट व्यवस्थापिकाबाट स्पष्ट कानुनी व्यवस्था हुनुपर्नेमा सरकारलाई तजविजि अधिकार रहेको ।

**सुदुरपश्चिम प्रदेश**

- आवश्यकताका आधारमा सशर्त अनुदान वितरण गर्नुपर्ने,
- कार्यक्रमको सूचीसंगै एकमुष्ट बजेट पठाउने तरिकालाई बन्द गर्नुपर्ने,
- साना रकमका कार्यक्रममा सशर्त अनुदान बन्द गर्नुपर्ने,
- तेस्रो चौमासिकमा अनुदान हस्तान्तरणको कामलाई निषेध गर्नुपर्ने,
- संङघीय सरकारबाट सशर्त अनुदान बापत सञ्चालन हुने बहुवर्षिय आयोजना तथा कार्यक्रमहरूको लागि स्रोत सुनिश्चित हुनुपर्ने,
- संङघीय सशर्त अनुदानतर्फ एकमुष्ठ रूपमा बजेट विनियोजन हुने गरिएकोमा संङघीय सरकारबाट योजना तथा कार्यक्रमहरू निर्दिष्ट गरी सोही अनुसार प्रदेश सरकारलाई बजेट तथा कार्यक्रम हस्तान्तरण गर्नुपर्ने,
- संघीय सशर्त अनुदान अन्तरगतको परियोजना (जस्तैः PLGSP) बाट सञ्चालित कार्यक्रम/क्रियाकलापको रकमान्तर गर्न सक्ने अधिकार प्रदेशस्तरमै हुनुपर्ने,
- प्रदेश सरकारलाई तोकिएको कार्य जिम्मेवारीप्रति समान धारणा बनाई संघीय सरकारसँग नीतिगत पैरवी गर्न संस्थागत संरचनाको व्यवस्था गर्ने,
- संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीलाई क्रियाकलाप तहमा पहिचान गर्न नसकिएकोले एउटै आयोजना/कार्यक्रममा दोहोरो बजेट विनियोजनको सम्भावना बढाएको विषयमा ध्यान दिनुपर्ने,
- संङघीय सरकारका बिषयगत मन्त्रालयहरूमा प्रदेश सरकारसँग समन्वय तथा सञ्चार गर्न प्रदेश एकाइ स्थापना गर्नुपर्ने,
- प्रदेश र स्थानीय स्तरका आयोजना सञ्चालनका लागि प्रदेशमा संङघीय इकाइहरूको आवश्यक्ता नभएको,
- तीनै तहका सरकारको साझा अधिकारका विषयमा बनाउनु पर्ने कानूनहरू यथाशीघ्र निर्माण गर्नुपर्ने,
- प्रदेश सरकारमा रहेको कर्मचारी अपर्याप्तता पूर्ति गरी विकास निर्माण कार्यमा अपेक्षित उपलब्धि हाँसिल गर्न संङघीय निजामती सेवा ऐन शीघ्र आउनुपर्ने,
- शान्तिसुरक्षा व्यवस्था र बिकास प्रक्रियाको सहसम्वन्धलाई मध्यनजर गर्दै संघीय प्रहरीलाई समायोजन गरी प्रदेश प्रहरी सङगठन निर्माणको मार्ग प्रशस्त गर्नुपर्ने,
- कोभिड-१९ का कारणले समयमा नै सम्पन्न हुन नसकेका आयोजनाहरूको म्याद थप हुँदा समेत सम्पन्न हुन नसकेका महत्त्वपूर्ण आयोजनाहरू समयमै सम्पन्न हुने सुनिश्चितता गरी समयावधि थप गर्नुपर्ने,
- अन्तिम पटक म्याद थप गरिएका आयोजनाहरूको निर्माण सम्पन्न हुँदा समेत भुक्तानी गर्ने स्रोतको अभाव।

राष्ट्रिय विकास समस्या समाधान समितिको ४८ औं बैठकको केही तस्वीरहरू



